भदौ – १

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन


| वर्ष २३, अङ्क ९ | २०७१, भदौ १–१५ | पूर्णाङ्क ५३१ |
|---|---|---|





प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं



फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत | - सदस्य |
| नायव महान्यायाधिवक्ता श्री राजनारायण पाठक, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एशोसिएशन | - सदस्य |
| अधिवक्ता श्री अरविन्द कुमार सिंह, प्रतिनिधि, सर्वोच्च अदालत बार एशोसिएशन | - सदस्य |
| निर्देशक प्रा.डा.श्री युवराज संग्रौला, प्रतिनिधि, काठमाडौं स्कुल अफ ल | - सदस्य |
| सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री ढाकाराम पौडेल
शाखा अधिकृत श्री राजन बास्तोला
ना.सु.श्री कृष्णबहादुर गुरुङ
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**बिक्री शाखामा कार्यरत् कर्मचारीहरू**

डि.श्री नरबहादुर खत्री
कार्यालय सहयोगी श्री विदुरप्रसाद सापकोटा

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री गीता न्यौपाने
सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मिस्त्री श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
अफसेट प्रेसम्यान श्री सोभा सिग्देल
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

---

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भै यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त | ८ |
| इजलास नं. १ | १ |
| इजलास नं. २ | ८ |
| इजलास नं. ३ | ३ |
| इजलास नं. ४ | २ |
| इजलास नं. ५ | ११ |
| इजलास नं. ६ | १० |
| इजलास नं. ७ | ३ |
| इजलास नं. ९ | ३ |
| इजलास नं. १० | २ |
| एकल इजलास | ३ |
| रीत/बेरीत आदेश | ९ |
| जम्मा | ६३ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसंग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रु.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, सर्वोच्च अदालत एनेक्स भवन
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७१, भदौ – १, पृष्ठ १०

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवं अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजूरी र सुझाव भए सर्वोच्च अदालत, प्रधान न्यायाधीशको निजी सचिवालयमा रहेको

# Toll Free Number

# १६६०—०१—३३३—५५

वा

## इमेल ठेगाना

## cjscomplain@supremecourt.gov.np

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत छापाखाना, रामशाहपथ, काठमाडौं ।

# विषयसूची


| क्र. सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| संयुक्त इजलास | | | १-४ |
| १. | कर्तव्य ज्यान | नेपाल सरकार वि. गोविन्दबहादुर घर्तिमगर | |
| २. | कर्तव्य ज्यान | नेपाल सरकार वि. नेमीलाल महतो कहार | |
| ३. | निषेधाज्ञा परमादेश | रमेशप्रसाद गुप्ता वि. भैरहवा भन्सार कार्यालय, रूपन्देहीसमेत | |
| ४. | उत्प्रेषण परमादेश | गम्भीरप्रसाद यादव भन्ने गम्भीरा राउत अहिर वि. जिल्ला शिक्षा कार्यालय, बारासमेत | |
| ५. | लेनदेन | पन्नखर कार्की वि. भरतमणि शर्मा | |
| ६. | अवहेलना | ठाकुरप्रसाद पुडासैनी वि. नारायणमान डङ्गोलसमेत | |
| ७. | अवहेलना | जयनारायण महतो वि. उद्योग मन्त्रालयसमेत | |
| ८. | उत्प्रेषण परमादेश | कमलबहादुर बाँनिया वि. राजेन्द्र भण्डारीसमेत | |
| इजलास नं. १ | | | ४-५ |
| ९. | उत्प्रेषण | मानसिंह बोहरा वि. महानगरीय प्रहरी आयुक्तको कार्यालय, रानीपोखरीसमेत | |

| | | | |
|---|---|---|---|
| इजलास नं. २ | | | ५-१० |
| १०. | उत्प्रेषण परमादेश | भरतमणि जङ्गम वि. गुठी संस्थान, केन्द्रीय कार्यालय डिल्लीबजारसमेत | |
| ११. | निषेधाज्ञा | शुक्लाफाँटा वन्यजन्तु कार्यालय, कञ्चनपुरसमेत वि. छविलाल सेजवालसमेत | |
| १२. | परमादेश | राजेश्वरकुमार शाह वि. भूमिसुधार कार्यालय, बारा | |
| १३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मोहम्मद हसन खाँ | |
| १४. | उत्प्रेषण परमादेश | कृष्णबहादुर खत्री वि. शिक्षा मन्त्रालयसमेत | |
| १५. | उत्प्रेषण अधिकारपृच्छा | रत्नेश्वरप्रसाद सिंह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| १६. | उत्प्रेषण परमादेश | केशवप्रसाद मैनाली वि. संविधानसभा सचिवालयसमेत | |
| १७. | उत्प्रेषण | रामवृक्ष ठाकुर वि. जिल्ला शिक्षा कार्यालय, सिरहासमेत | |
| इजलास नं. ३ | | | १०-११ |
| १८. | उत्प्रेषण | प्रगास राय यादव वि. रामनारायण राय यादवसमेत | |
| १९. | अंश | जितेन्द्रप्रसाद चौधरी वि. मङ्गलप्रसाद फौजदार | |
| २०. | अंश | पदमबहादुर कुँवर वि. रामबहादुर कुँवर | |

| इजलास नं. ४ | | १९-१२ |
|---|---|---|
| २१. | जबर्जस्ती करणी | विष्णुदास भन्ने विष्णुप्रसाद सेढाईं वि. नेपाल सरकार |
| २२. | भ्रष्टाचार | नेपाल सरकार वि. सुविलकुमार राई |
| **इजलास नं. ५** | | **१२-१७** |
| २३. | लागु औषध खैरो हेरोइन | सपुरा खातुन वि. नेपाल सरकार |
| २४. | लागु औषध | नवीनकुमार श्रेष्ठ वि. नेपाल सरकार |
| २५. | उत्प्रेषण | रामनाथ साह वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय समेत |
| २६. | उपचार खर्च र घा खर्च भराइपाउँ | डा.उदयप्रताप सिंह वि. डा.अशोकानन्द मिश्र |
| २७. | जग्गा नामसारी | राजेन्द्रबहादुर निरौला वि. सुरेन्द्रबहादुर निरौला |
| २८. | जालसाजी | डम्बरबहादुर गुरूङ वि. लोकबहादुर टण्डन |
| २९. | केही सार्वजनिक अपराध | डा. उदयप्रताप सिंह वि. नेपाल सरकार |
| ३०. | उत्प्रेषण लगायतको आदेश जारी गरिपाउँ | जुलुम महर्जन वि. आशामाया महर्जनसमेत |
| ३१. | हक कायम | श्यामबहादुर श्रेष्ठ वि. गोपालबहादुर श्रेष्ठ |
| ३२. | निषेधाज्ञा | नारायण किजु वि. कृष्णप्रसाद त्वनावासु |
| **इजलास नं. ६** | | **१७-२२** |
| ३३. | परमादेश लगायत को आज्ञा आदेश जारी गरिपाउँ | बुद्धमाया महर्जनसमेत वि. बद्रीगोविन्द जोशीसमेत |
| ३४. | दा.खा. दर्ता बदरसमेत | उमेरजंग मादेन वि. नारायण लिम्बुसमेत |
| ३५. | कालो बजार | नेपाल सरकार वि. नागेन्द्रदास बानियासमेत |
| ३६. | लुटपीट | झिल्के सार्की वि. माधवप्रसाद दाहालसमेत |
| ३७. | जालसाज | उमेरजंग मादेन वि. नारायण सिंह मादेनसमेत |
| ३८. | सम्बन्ध विच्छेद अंशसमेत | गणेशभक्त श्रेष्ठसमेत वि. गीता श्रेष्ठ |
| ३९. | बेलगती मोही लगत कट्टा | सुखलदास बैरागी वि. यदै खाँ थारू |
| ४०. | जीउ मास्ने बेच्ने | नेपाल सरकार वि. मोहन श्रेष्ठसमेत |

| | | |
|---|---|---|
| ४१. | लेनदेन | नन्दलाल राउत कुर्मी वि. रामचन्द्र सहनी |
| **इजलास नं. ७** | | २२-२४ |
| ४२. | कर्तव्य ज्यान | चित्रबहादुर दनुवार वि. नेपाल सरकार |
| ४३. | कर्तव्य ज्यान | पूर्णबहादुर तामाङ वि. नेपाल सरकार |
| ४४. | उत्प्रेषण परमादेश | सरोज बस्नेतसमेत वि. शहरी विकास मन्त्रालयसमेत |
| **इजलास नं. ९** | | २४-२५ |
| ४५. | बन्दी प्रत्यक्षीकरण | ज्ञालेन्द्र श्रेष्ठ वि. केन्द्रीय कारागार कार्यालय, डिल्लीबजारसमेत |
| ४६. | करकाप | रामजीप्रसाद कुशवाहा वि. विजयप्रसाद यादव |
| **इजलास नं. १०** | | २५-२६ |
| ४७. | लेनदेन | कपीलदेव चौधरी कलवार वि. महमद सगीर |
| ४८. | ठेक्का रकम मिनाहा गरिपाउँ | जलेश्वर नगरपालिकाको कार्यालय वि. राम सिकिल साह |
| **एकल इजलास** | | २६-३४ |
| ४९. | अवहेलना | अञ्जनी कुमार पोखरेल वि. कैलाश सिरोहियासमेत |

| | | |
|---|---|---|
| ५०. | परमादेश उत्प्रेषण | हिरालाल कुँवर वि. तुलसीदेवी कुँवरसमेत |
| ५१. | उत्प्रेषण परमादेश | दिलबहादुर गोसाई वि. भूमिसुधार कार्यालय, भक्तपुरसमेत |
| **रीत/बेरीत आदेश** | | ३४-३६ |
| ५२. | ठगी | नेपाल सरकार वि. सुधीर बस्नेतसमेत |
| ५३. | ज्यान मार्ने उद्योग | मित्रलाल धिताल वि. नेपाल सरकार |
| ५४. | डाँका चोरी | नेपाल सरकार वि. लक्ष्मण तामाङसमेत |
| ५५. | अंश | श्यामकली मौर्य (मुराउनी) वि. श्यामलाल मुराउ |
| ५६. | उत्प्रेषण | रामकृष्ण चक्रधर वि. भक्तपुर जिल्ला अदालतसमेत |
| ५७. | उत्प्रेषण परमादेश | प्राण जीवन निधि वि. गृह मन्त्रालय, सिंहदरबारसमेत |
| ५८. | उत्प्रेषण परमादेश | सूर्यबहादुर खड्का वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |

**सर्वोच्च अदालतका नियमित प्रकाशनहरू**

- सर्वोच्च अदालत बुलेटिन (पाक्षिक)
- नेपाल कानून पत्रिका (मासिक)
- विषयगत नजीर संग्रह, २०६३
- विषयगत नजीर संग्रह, २०६६
- विषयगत नजीर सारसङ्क्षेप सङ्कलन, २०६९ (२०१५ सालदेखि २०६९ असोज अङ्कसम्म)

    भाग १ : संवैधानिक कानून
    भाग २ : सार्वजनिक सरोकार
    भाग ३ : मानव अधिकार तथा लैङ्गिक न्याय
    भाग ४ : देवानी कानूनः सम्पत्ति
    भाग ५ : देवानी कानूनः पारिवारिक
    भाग ६ : फौजदारी कानूनः सरकार वादी
    भाग ७ : फौजदारी कानूनः दुनिया वादी
    भाग ८ : कार्यविधि कानूनः देवानी
    भाग ९ : कार्यविधि कानूनः फौजदारी
    भाग १० : उद्योग, वाणिज्य र कर
    भाग ११ : राष्ट्रसेवक कर्मचारी

- न्यायपालिकाको तेस्रो रणनीतिक योजना (आवधिक)
- सर्वोच्च अदालत वार्षिक प्रतिवेदन (वार्षिक)
- सर्वोच्च अदालतका केही निर्णयहरूको अङ्ग्रेजी अनुवाद (वार्षिक)

    - अङ्ग्रेजी अनुवाद २००३ (Volume I)
    - अङ्ग्रेजी अनुवाद २०१० (Volume II)
    - अङ्ग्रेजी अनुवाद २०११ (Volume III)
    - अङ्ग्रेजी अनुवाद २०१२ (Volume IV)
    - अङ्ग्रेजी अनुवाद २०१३ (Volume V)

- नेपाल कानून पत्रिका, ऐन कानून खण्ड 'क' (सनद, सवाल, रूक्का, आदेश, फुलकोर्टका निर्णयसमेत)
- अदालतसम्बन्धी नियमावली / निर्देशिका / न्यायाधीश आचारसंहिता
- टेवुल पात्रो (वार्षिक)

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** ०६९-RC-००१३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गोविन्दबहादुर घर्तिमगर*

वारदातका प्रत्यक्षदर्शी जाहेरवाला बलबहादुर घर्तिमगर, डोर (द्रोण) बहादुर घर्तिमगर, शान्ता बुढाथोकी र रीताकुमारी घर्तीले मिति २०६६।१२।९ गते साँझ अ.७:०० बजेको समयमा वारदातस्थलमा झगडा गर्ने गोविन्दबहादुरसमेतलाई भक्तबहादुर आई सम्झाउन खोज्दा प्रतिवादी गोविन्दबहादुरले एक्कासी पछाडिबाट भक्तबहादुरको टाउकोमा खुकुरीले हानी भागी गएकोमा मृतकलाई उपचार गर्न लैजाँदा बाटैमा मृत्यु भएको हो भनी मौकामा कागज गरी सो व्यहोरालाई समर्थन गर्दै अदालतमा आई बकपत्रसमेत गरेको पाइन्छ । यसरी किटानी जाहेरी दरखास्त, प्रतिवादीले कसूरमा साबित भई गरेको बयान व्यहोरा, घटनाका प्रत्यक्षदर्शीको बकपत्र, मृतकको टाउकोमा धारिलो हतियारले प्रहार गरेको तथ्य लासजाँच मुचुल्काबाट देखिनु र यस तथ्यको थप पुष्टि शव परीक्षणबाट स्थापित हुन आएको हुँदा यिनै प्रतिवादी गोविन्दबहादुर घर्तीमगरको कर्तव्यबाट भक्तबहादुर घर्तीमगरको मृत्यु भएको तथ्य शङ्कारहित तवरबाट पुष्टि हुँदा प्रतिवादी गोविन्दबहादुर घर्तीमगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. बमोजिमको कसूरमा १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू प्युठान जिल्ला अदालतको मिति २०६७।१।२९ को फैसला सदर गरी साधक जाहेर गरेको पुनरावेदन अदालत, तुल्सीपुरको मिति २०६८।६।३ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७१ साल वैशाख ५ गते रोज ६ शुभम् ।

२

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** ०६९-RC-००३५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नेमीलाल महतो कहार*

प्रतिवादीउपर परेको किटानी प्रतिवेदन, अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयानमा प्रतिवादी आरोपित कसूरमा साबित रहेको. घटनाका प्रत्यक्षदर्शीहरूले निज प्रतिवादीले अनुप साहलाई गोली प्रहार गरेको हो भनी लेखाई दिएको मौकाको कागज एवम् अदालतमा आई गरेको बकपत्र र शव परीक्षण प्रतिवेदनलगायतका प्रमाणबाट अनुप साहको मृत्यु प्रतिवादी निमी भन्ने नेमीलाल महतो कहारले जोखिमी हतियार बन्दुकबाट गोली प्रहार गरी भएको प्रमाणित भएको हुँदा निज प्रतिवादी निमी भन्ने नेमीलाल महतो कहारलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं. बमोजिमको कसूरमा ऐ. १३(१) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू बारा जिल्ला अदालतको मिति २०६६।३।१० को फैसला सदर गरी साधक जाहेर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।११।१६ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

इति संवत् २०७१ साल वैशाख ५ गते रोज ६ शुभम् ।

३

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६९-CI-०२५५, निषेधाज्ञा/ परमादेश, *रमेशप्रसाद गुप्ता वि. भैरहवा भन्सार कार्यालय, रूपन्देहीसमेत*

भन्सार अधिकृतले भन्सार कार्यालयमा दाखिल भएका मालवस्तु वा सवारी साधनहरू भन्सार छली अवैध चोरीको हो होइन भन्नेसम्बन्धमा उपलब्ध प्रमाणहरूको विश्लेषण गरी विवादको कारवाही किनारा गर्न पाउने कुरा समर्थित छ । प्रस्तुत विवादमा दावीका सवारी साधनहरू अवैधरूपमा बाटामा राखिएको अवस्थामा बरामद भएको भन्ने कुरा बरामदी मुचुल्काबाट देखिन्छ । त्यसरी बरामद भै विपक्षी भन्सार कार्यालयमा दाखिल भई हक दावीको सूचना प्रकाशन भएपछि निवेदक हक दावी गर्न नगई कानूनबमोजिम प्रक्रिया अगाडि बढिसकेको अवस्थामा ती सवारी साधन निवेदकले मैले प्रज्ञापन पत्र भरी अनुमति लिई ल्याएकोले फिर्ता गरिपाउँ भनी अदालत प्रवेश गरेको आधारमा मात्र भन्सार कार्यालयको नाममा परमादेशको आदेश जारी गर्न मिल्ने देखिएन । यसरी विपक्षी भन्सार कार्यालयले कानूनबमोजिम हक दावीको सूचना प्रकाशन गरी कारवाही प्रक्रिया अगाडि बढाएको कार्यमा कुनै कानूनको त्रुटि नदेखिँदा निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।९।२० को फैसला (आदेश) मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल फागुन २९ गते रोज ५ शुभम् ।

४

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६९-CI-०५७१, उत्प्रेषण/ परमादेश, *गम्भीरप्रसाद यादव भन्ने गम्भीरा राउत अहिर वि. जिल्ला शिक्षा कार्यालय, बारा कलैयासमेत*

निवेदकले जिल्ला कार्यालयमा दिएको निवेदन यथाशीघ्र टुङ्गो लगाउनु, मिति २०६८।७।७ र मिति २०६८।७।२४ को पत्रबमोजिम अर्को समिति गठन गरी नियुक्ति प्रक्रिया अगाडि बढाउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरिपाउन माग गरेको तर्फ हेर्दा विद्यालय व्यवस्थापन समितिको मिति २०६८।६।१२ को निर्णयले शिक्षक छनौटको लागि जिल्ला शिक्षा कार्यालयबाट अधिकृत मगाउने निर्णय भएको, उक्त नियमावलीको नियम ९६क. (१)(ख) को आधारमा जिल्ला शिक्षा कार्यालयले विपक्षी बृजकिशोर प्रसादलाई शिक्षक छनौट समितिको सदस्य पदमा लेखिएको देखिएको र मिति २०६८।६।१२ को शिक्षक छनौट समितिको अध्यक्ष तथा विषय विशेषज्ञ तोक्ने कार्य कानूनको त्रुटि गरी भए गरिएको नदेखिँदा परमादेशको आदेश पनि जारी हुने अवस्था देखिएन । तसर्थ, माथि विवेचित आधार र कारणबाट पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।३।२० को फैसला (आदेश) मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७० साल फागुन २९ गते रोज ५ शुभम् ।

५

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CI-०५८६, लेनदेन, *पन्नखर*

*कार्की वि. भरतमणि शर्मा*

कारोबार भएको मितिबाट ५ महिनाभित्रै अर्थात् मिति २०६३।८।२६ मा फिराद दर्ता भएको देखिएको अवस्थामा वादीले फिरादमा हदम्यादको सम्बन्धमा लेनदेन व्यवहारको २ नं. को दावी लिएको भए पनि लेनदेन व्यवहारको महलको ४० नं. को हदम्याद नाघेको भन्ने अवस्था नदेखिएको र त्यतिकै कारणले कानूनले लाग्ने हदम्यादभित्र फिराद परेको कुराको अनदेखा गर्न मिल्दैन । तसर्थ उक्त हदम्याद आकर्षित भै फिराद हदम्यादभित्रै पर्न आएको मान्नुपर्ने ।

लेजरमा भएको सहीछापको सन्दर्भमा उठाएको जिकीरतर्फ हेर्दा उक्त लेजरमा गरिएको सहीछाप नमूना हस्ताक्षरको परिक्षणबाट हस्ताक्षरको सुरूवात गर्ने आदत मिलेको र पछिको फरक परेको भनेको देखिन्छ । दश वर्षको अन्तरालमा भएका हस्ताक्षरहरूमा सही गर्ने आदतमा परिवर्तन हुँदै जाने सम्भावनालाई इन्कार गर्न सकिँदैन । पुनरावेदकले अदालतसमक्ष दिएको नमूना नियतवश बिगारेर दिएकाले अन्यत्र लेखेको सहीछापलाई भिडाउन परेको भन्ने मिसिल संलग्न कागजातहरूबाट देखिँदा पनि हस्ताक्षर जाँचको लागि लिएको नमूना र कारोबार गर्दा स्वभाविकरूपमा परेको सहीछाप हुबहु मिलेकै हुनुपर्छ भनी अदालतले भन्न नमिल्ने हुँदा वादी दावी पुग्ने ठहर्‍याएको सुरू डोल्पा जिल्ला अदालतको मिति २०६५।१२।३० को फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, जुम्लाको मिति २०६७।१।८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः ईश्वर पराजुली

इति संवत् २०७० साल भदौ ४ गते रोज ३ शुभम् ।

६

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-MS-०००३, अवहेलना, *ठाकुरप्रसाद पुडासैनी वि. नारायणमान डङ्गोलसमेत*

विपक्षीमध्येका नारायणमान क्याम्पस प्रमुखमा नियुक्त हुनुपूर्व पनि का.मु.क्याम्पस प्रमुखकै हैसियतमा रहेको र सोको सम्बन्धमा निवेदकलगायत कसैको गुनासोसमेत नरहे नभएको स्थितिमा अदालतको आदेशपश्चात उत्पन्न परिस्थितिको अन्त्य गर्न सञ्चालक समितिले कुनै न कुनै उपाय अवलम्बन गर्नैपर्ने अवस्थामा दैनिक प्रशासनिक कामको सञ्चालनका लागि निज नारायणमानलाई का.मु. क्याम्पस प्रमुखको रूपमा काम गर्ने जिम्मेवारी तोकेको भन्ने लिखित जवाफको भनाईसमेत रहेको परिप्रेक्ष्यमा त्यसबाट अदालतको अवहेलना नै भयो भनी मान्न मिलेन । प्रस्तुत मुद्दामा निवेदन दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः ईश्वर पराजुली

कम्प्युटरः सबिना अधिकारी

इति संवत् २०७० साल भदौ ४ गते रोज ३ शुभम् ।

७

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-MS-००२५, अवहेलना, *जयनारायण महतो वि. माननीय उद्योग मन्त्री अनिलकुमार झा, उद्योग मन्त्रालयसमेत*

विपक्षीहरूले अदालतबाट जारी भएको अन्तरिम आदेशको जानाजान (Willful) अवज्ञा गर्ने कार्य गर्ने गरेको भन्ने कुरा पुष्टि हुन नआएको र यस अदालतबाट मिति २०६८।१२।७ मा जारी भएको अन्तरिम आदेशको अवज्ञा गरेको भनी दायर भएको ०६८-WO-०८४२, को मूल रिट

निवेदनमा निवेदकले तारिख गुजारेको भनी यस अदालतबाट मिति २०६९।१२।९ मा तामेलीमा गैसकेको भन्ने मिसिल संलग्न उक्त आदेशको प्रतिलिपिबाट देखिँदा उक्त मूल रिटको औचित्य नै समाप्त भै उक्त रिट निवेदनमा जारी भएको अन्तरिम आदेशसमेत स्वतः निष्क्रिय भएको हुँदा सो अन्तरिम आदेशको अवज्ञा गरी अदालतको अवहेलना गरेको मान्न नमिल्ने ।

इजलास अधिकृतः ईश्वर पराजुली

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल भदौ ४ गते रोज ३ शुभम् ।

८

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा. डा.श्री भरतबहादुर कार्की,** ०६९-CI-०७४२, उत्प्रेषण/परमादेश, *कमलबहादुर बाँनिया वि. राजेन्द्र भण्डारीसमेत*

निवेदकहरू स्थायी दरबन्दीका शिक्षकहरू भन्ने देखिएको अवस्था हुँदाहुँदै अवच्छिन्न सेवा गरेकै कारण अस्थायी पदमा काम गर्ने व्यक्ति स्वतः स्थायी पदमा काम गर्ने व्यक्तिसरह हक वा सुविधा प्राप्त गर्ने हकदार हुन्छ भनी सम्झन नमिल्ने हुँदा अनुदान कोटाबाट तलब भत्ता खाने माथिल्लो तहको वरिष्ठतम शिक्षक भनी पुनरावेदक विपक्षी हरिराज गौतमलाई निमित्त प्रधानाध्यापक पदमा नियुक्त गरेको कार्य शिक्षा नियमावली, २०५९ तथा सोको नियमन गर्ने निकायहरूबाट जारी भएको निर्देशनअनुकूल रहेको मान्न नमिल्ने ।

इजलास अधिकृतः ईश्वर पराजुली

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल भदौ ३ गते रोज २ शुभम् ।

## इजलास नं. १

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-WO-०४७२, उत्प्रेषण, *मानसिंह बोहरा वि. महानगरीय प्रहरी आयुक्तको कार्यालय, रानीपोखरी काठमाडौंसमेत*

विभागीय कारवाही भएको प्रहरी कर्मचारी स्वयम्ले चाहेको वा रोजेको सजायमात्र गरिनुपर्ने जिकीर लिनुको कुनै कानूनी आधार रहेको देखाउन सकेको नहुनाले सजाय गर्न पाउने अधिकार भएको अधिकारीले प्रहरी नियमावलीमा तोकिएको अनेक सजायमध्ये अवस्थाअनुसार कुनै पनि सजाय गर्न सक्षम रहेको हुँदा सोमध्ये तल्लो टाइमस्केलमा घटुवा गर्ने सजाय गरेकोलाई अन्यथा भन्न नमिल्ने ।

निवेदकउपरको विभागीय कारवाही प्रक्रिया कानूनी त्रुटि रहेको नदेखिएको र निवेदक स्वयम्ले पनि आफ्नो कर्तव्य पालनामा गल्ती भई पदीय आचरण उल्लङ्घन गरेको स्वीकार गरिरहेको अवस्थामा अधिकारप्राप्त अधिकारीबाट विभागीय कारवाही गरी कानूनबमोजिम सजाय निर्धारण गरिएको सम्बन्धमा रिट क्षेत्राधिकारबाट हस्तक्षेप गर्न नमिल्ने हुँदा निवेदकको जिकीरका सम्बन्धमा थप विचार गरिरहनु नपर्ने ।

निवेदक प्रहरी सङ्गठनको कर्मचारी भएको र अति संवेदनशील जिम्मेवारीमा रहेको अवस्थामा लापरवाहीपूर्ण तरिकाले आफ्नो जिम्मेवारी निर्वाह नगरी आफ्नो पदीय जिम्मेवारी र आचरणको उल्लङ्घन गरेको अवस्थामा प्रहरी नियमावली, २०४९ बमोजिम तोकिएबमोजिमको प्रक्रिया अवलम्बन गरी प्रहरी नियमावली, २०४९ को

नियम ८४(ङ) बमोजिम सजाय गरेको देखिएको र निज निवेदकले प्रहरी कन्ट्रोलको १०० नं. को आपतकालीन ड्युटीमा खटेको बेलामा फोनलाई होल्डमा राखी कम्प्युटरमा स्नुकर खेलेको पाइएको भन्ने आरोपमा सो कार्य निजले गरेको भनी आफ्नो स्पष्टीकरणमा स्वीकार गरेको देखिँदा निजलाई तल्लो टाइम स्केलमा घटुवा अर्थात् ग्रेड घटाएको निर्णयमा कुनै कानूनी त्रुटि विद्यमान रहेको नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्ने अवस्था नहुँदा प्रस्तुत रिट खारेज हुने ।

इजलासः भद्रकाली पोखरेल

कम्प्युटरः मन्जिता ढुङ्गाना

इति संवत् २०७१ साल असार १६ गते रोज २ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-CI-०९७३, उत्प्रेषण/परमादेश, *भरतमणि जङ्गम वि. गुठी संस्थान, केन्द्रीय कार्यालय डिल्लीबजारसमेत*

गुठीका संस्थापकको धार्मिक आस्था र भावनामा प्रतिकूल असर नपर्ने गरी एवम् धार्मिकस्थलको अस्मिता र पवित्रतामा खलल् नपर्ने प्रकृतिको व्यवसाय गर्ने गरीमात्र भाडामा लगाउने विषयमा सतर्क हुनुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा मठ सत्तल रहेको स्थलमा भाडामा दिँदा देवीदेवताको मूर्ति वा अन्य कुनै धार्मिक आस्थाका संरचनामा क्षति पुगेको भन्ने देखिएको छैन । मठ सत्तल भएको स्थलमा भाडामा दिनेसम्मको कार्य गुठी संस्थान ऐन, २०३३ ले कानूनविपरीत भनी उल्लेख नगरेको अवस्थामा उक्त कार्यलाई रोक्नको लागि उत्प्रेषणको आदेश जारी गर्नुपर्ने अवस्था पनि देखिन नआउने हुँदा गुठी संस्थानले आफ्नो सम्पत्ति बहालमा दिनसक्ने विषयलाई गुठी संस्थान ऐन, २०३३ ले निषेध गरेको नदेखिँदा जङ्गम मठअन्तर्गतको स्थान भाडामा दिने निर्णय तथा कामकारवाही बदर गर्नु नपर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।९।२५ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल वैशाख २५ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-CI-१०१०, निषेधाज्ञा, *शुक्लाफाँटा वन्यजन्तु कार्यलिय, कञ्चनपुरसमेत वि. छविलाल सेजवालसमेत*

पर्ती जग्गामा निवेदकहरूले भोग गरेको निवेदनबाट देखिएको छ र सो जग्गामा पुनरावेदकहरूले हस्तक्षेप नगर्नु नगराउनु भन्ने निषेधाज्ञाको माग निवेदकको पनि होइन । केवल निवेदकहरूका नाममा कानूनबमोजिम दर्ता स्रेस्ता भएका जग्गाहरूमा पुनरावेदक पक्षहरूबाट अनाहक हस्तक्षेप गर्ने कार्य नगर्न, नगराउन रिट निवेदनको दावी भएको र सो विषयमा यी पुनरावेदक पक्षको पनि असहमति जनाउने प्रकारको लिखित जवाफ वा पुनरावेदन जिकीर रहे भएको नपाईंदा निवेदकहरूको नाउँको दर्ता स्रेस्ताको उल्लिखित जग्गामा निजहरूको हक अधिकारमा प्रतिकूल असर पर्ने गरी गैरकानूनी तरिकाबाट अतिक्रमणलगायतका कुनै गैरकानूनी कार्य नगर्नु

नगराउनु भनी विपक्षीहरूका नाउँमा पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०६९।३।२५ जारी गरिएको निषेधाज्ञा मनासिब नै देखिँदा सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल वैशाख २५ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-CI-१२०१, परमादेश, *राजेश्वरकुमार शाह वि. भूमिसुधार कार्यालय बारा, कलैया*

भूमिसुधार कार्यालयले निर्णय गर्दा अपुतालीका हकदार को को हुन् भन्ने सन्दर्भमा पनि निर्णय हुनुपर्ने हो भन्ने पुनरावेदन जिकीरका सम्बन्धमा भूमिसम्बन्धी ऐन, २०२१ ले अपुताली माग गर्नेको छुट्टै परिवार कायम गरी कारवाही गर्नुपर्ने कुराको उल्लेख गरेको पाइँदैन । अपुतालीको हक अंश हक जस्तो हुँदैन । अपुताली खानका लागि जसको अपुताली खाने हो उसको नाममा सम्पत्ति भएको र निजको मृत्यु भैसकेको हुनुपर्ने हुन्छ । यसो भएमा मात्र अपुताली खाने अवस्थाको सिर्जना हुने हुन्छ । अपुतालीसम्बन्धी हक बेहकको निर्णय गर्ने क्षेत्राधिकार भूमिसुधार कार्यालयलाई नहुने भएकाले समेत यस सम्बन्धमा पुनरावेदन जिकीरसँग सहमत हुन नसकिँदा निवेदन खारेज हुने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।२।२४ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल वैशाख २५ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-CR-०२४८, ०५२०, ०८७०, ०८७१, RC-०००९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मो. हसन खाँ, मोहम्मद हसन खाँ वि. नेपाल सरकार, सलिम खाँ वि. नेपाल सरकार, मोहम्मद हसन खाँ वि. नेपाल सरकार, नेपाल सरकार वि. हफिज खाँसमेत*

धेरै समयको अन्तरालमा भएको जाहेरवाला र बुझिएका मानिसहरूको बकपत्रका केही सानातिना कुराहरू मौकामा व्यक्त गरेको भनाई व्यहोरासँग मेल नखानु अस्वाभाविक नहुने हुँदा यस्ता सामान्य अन्तरका आधारमा प्रतिवादीहरूले वारदातमा संलग्नता देखिने अरू प्रत्यक्ष र परिस्थितिजन्य प्रमाणहरूको उपस्थितिमा यी प्रतिवादीहरूलाई निर्दोष भनी मान्न मिल्ने देखिँदैन । अतः आरोपित कसूरबाट सफाइ पाउनुपर्ने भन्ने पुनरावेदक/प्रतिवादीहरूको पुनरावेदन जिकीरसँग सहमत हुन सकिएन । पुनरावेदन अदालत, नेपालगन्जले प्रतिवादीहरू सलिम खाँ र हुसेन खाँको हकमा ज्यानसम्बन्धीको महलको १३(३) बमोजिम जन्मकैद हुने तथा प्रतिवादी हसन खाँलाई ऐ.१७(३) बमोजिम सजाय गर्ने गरेको पुनरावेदन अदालत, नेपालगन्जको फैसला मिलेकै देखिने ।

प्रतिवादीको वारदातमा संलग्नता देखाई मौकामा बयान गर्ने प्रतिवादीहरू मोहम्मद सलीम खाँसमेतले पोल गर्नुपर्ने विश्वासलायक कारण यी प्रतिवादीले उल्लेख गर्न सकेको देखिँदैन । यसरी यी प्रतिवादीहरू मोहम्मद सरीफ खाँ र मोहम्मद हफिज खाँसमेत भै मृतक हफिजुल्ला

खाँलाई दाउरा, लात, मुक्कासमेतले कुटपीट गरी सोही कारण निजको मृत्यु भएको हो भनी आफूहरूसमेत आरोपित कसूरमा साबित भै बयान गर्ने प्रतिवादीहरू मोहम्मद हुसेन खाँ समेतको बयान मिसिल संलग्न मृतकको लास प्रकृति मुचुल्का एवम् लास जाँच प्रतिवेदनसमेतका स्वतन्त्र प्रमाणबाट यी प्रतिवादीहरू, मोहम्मद सरीफ खाँ र मोहम्मद हफिज खाँलाई समेत ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गर्ने गरेको पुनरावेदन अदालत, नेपालगन्जको इन्साफ मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल असोज १६ रोज ४ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-WO-००९४, उत्प्रेषण/परमादेश, *कृष्णबहादुर खत्री वि. शिक्षा मन्त्रालयसमेत*

जिल्ला शिक्षा समितिको मिति २०६९।३।१५ को विद्यालय गाभ्नेसम्बन्धी निर्णयमा विद्यालय गाभ्नेसम्बन्धी प्रक्रियागत व्यहोरा उल्लेख गरे तापनि सो विद्यालय गाभ्नुपर्नेसम्मको पर्याप्त र उचित कारण पनि खुलाइएको देखिएन । साथै सो निर्णयबमोजिम सम्पत्ति हस्तान्तरणसम्बन्धी कानूनी आधार पनि देखिएको छैन । उक्त विद्यालय गाभ्नेसम्बन्धी विषयमा विद्यालय व्यवस्थापन समितिको राय लिएको भन्ने विपक्षीहरूको लिखित जवाफबाट खुल्न सकेको देखिँदैन । उक्त विद्यालय गाभ्नेसम्बन्धी जिल्ला शिक्षा अधिकारीको छुट्टै निर्णय भएको पुष्टि गर्ने कुनै कागजात पेश हुन सकेको नदेखिने ।

जिल्ला शिक्षा कार्यालयको लेटरप्याडमा जिल्ला शिक्षा अधिकारीको दस्तखत र छापबाट नेपाल बालमन्दिर प्रा.वि. लाई सरस्वती उच्च माध्यमिक विद्यालयमा जिल्ला शिक्षा समितिको निर्णयानुसार गाभ्ने भनी जिल्ला शिक्षा अधिकारीले गरेको पत्राचार शिक्षा ऐन, २०२८ को दफा १५ र शिक्षा नियमावली, २०५९ को नियम १८५ को कानूनी व्यवस्थाको मर्म र भावनाविपरीत देखिन आयो । जिल्ला शिक्षा अधिकारीको छुट्टै हैसियतमा आफैंले गर्नुपर्ने कार्य सोहीबमोजिम गर्नुपर्ने हुन्छ । जिल्ला शिक्षा समितिको निर्णयलाई जिल्ला शिक्षा कार्यालयको पत्रमार्फत् लेखिएको कारणले मात्रै जिल्ला शिक्षा अधिकारीले निर्णय गरेको मान्न मिल्ने अवस्था नदेखिँदा जिल्ला शिक्षा समिति, खोटाङको मिति २०६९।३।१५ को नेपाल बालमन्दिर प्रा.वि.लाई सरस्वती उच्च माध्यमिक विद्यालयमा गाभ्नेसम्बन्धी निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः टीकाभूषण घिमिरे

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल मङ्सिर १२ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६८-WO-०९०५, उत्प्रेषण/अधिकारपृच्छा, *रत्नेश्वरप्रसाद सिंह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५१ मा मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रपतिले सजाय माफी गर्न सक्नेछ भन्ने व्यवस्था छ । प्रस्तुत मुद्दाका प्रतिवादिलाई सर्वस्वसहित जन्मकैद हुने गरी सर्वोच्च अदालतबाट अन्तिम फैसला भएकोमा विवाद छैन । उल्लिखित

संवैधानिक व्यवस्थाको कार्यान्वयन स्वरूप मन्त्रिपरिषद्को सिफारिशबमोजिम निज निवेदकको बाँकी रहेको कैद मिनाहा हुने निर्णय हुनुले सर्वोच्च अदालतबाट भएको अन्तिम फैसलाउपरको पुनरावेदनको स्तर ग्रहण गरेको वा उक्त फैसला सच्याएको वा उल्ट्याएको अर्थमा लिन मिल्दैन, न त निज निवेदकलाई अदालतले निर्धारण गरेको दायित्वको आधिकारीकतामा परिवर्तन नै गरेको मान्न मिल्छ । यसो हुँदा कैद मिनाहा दिनुले केवल दण्ड कार्यान्वयनको सिलसिलामा सुधारात्मक पद्धतिलाई अनुशरण गर्नका लागि कैदीको आचरणमा सकारात्मक परिवर्तन आएको देखिँदा र भविष्यमा राम्रो आचरणमा बस्ने भन्ने अर्थमा प्रतिवादीलाई निर्धारण भइसकेको सजायमा केही छूट दिएको अवस्थासम्म हो र निवेदकलाई भएको सम्पूर्ण सजायबाट उन्मुक्ति दिइएको भन्न नमिल्ने ।

फौज्दारी कसूरमा अदालतबाट कानूनबमोजिम सजाय गर्नु वा उन्मुक्ति दिनु र सो सजायमा राष्ट्र प्रमुखबाट केही रियायत दिनु अलग अलग अवस्था हुन् । सर्वस्व गर्नेतर्फ कारवाही अगाडि नबढाउने वा सो सर्वस्व हरणको फैसला कार्यान्वयन नगर्ने हो भने सजाय नै नभएसरह वा अपराधै नगरेसरह अपराधीलाई उन्मुक्ति दिएको ठहर्छ । यो उन्मुक्तिको अवस्था संविधान र उक्त मन्त्रिपरिषद्को सिफारिशको भावना र मर्मविपरीत हुन जान्छ । संविधानले सर्वस्वतर्फको सजाय माफ गर्ने संवैधानिक व्यवस्था गरेको भन्न मिल्दैन । यसरी जन्मकैदमा राज्यबाट छूट पाएको भरमा अर्को प्रकृतिको सर्वस्वको सजायबाट पनि उन्मुक्ति पाउने भन्ने अर्थ गर्न मिल्दैन । कैदको सजाय माफी पाएकोमा सर्वस्व पनि माफी पाएको भन्ने निवेदकको जिकीर तर्कसङ्गत् नभएको हुँदा जन्मकैद माफी पाउनुले सर्वस्व पनि माफी पाएको मान्न मिल्दैन । मन्त्रिपरिषद्को सिफारिशबमोजिम निजलाई उक्त सर्वस्वसहित जन्मकैदको सजाय भएको अवस्थामा जन्मकैदको सजायबाट मात्र माफी दिने निर्णय भएको हुँदा सर्वस्वहरण गर्नेतर्फको कारवाहीलाई कानूनविपरीत भयो भनी भन्न नमिल्ने ।

सर्वस्वसहित जन्मकैद हुने गरी सजाय भएकोले जन्मकैदको सजायबाट मिनाहा दिए पनि सर्वस्व स्वतः निष्क्रिय भएको वा कार्यान्वयन गर्नु नपर्ने प्रकृतिको सजाय भन्न मिलेन । सर्वस्वको सजायलाई कानूनबाटै हटाउनेसम्बन्धी यस अदालतबाट आदेश भएको भन्ने निवेदन जिकीर भए तापनि सोसम्बन्धी कानूनी व्यवस्थामा अद्यापि संशोधन वा परिवर्तन भएको पनि नदेखिई मुलुकी ऐन, दण्ड सजायको महलको ७ नं.को कानूनी व्यवस्था हाल कायमै रहेको र सो कानून कायम रहेसम्म र निवेदकलाई सर्वस्वतर्फको सजाय मिनाहा भएको अवस्थासमेत देखिन नआएकोले कानूनबमोजिम भएको सजाय कार्यान्वयन गर्नु नपर्ने भन्ने हुँदैन । अतः आधिकारिक निकायबाट कानूनबमोजिम गरिएको कामकारवाहीबाट रिट निवेदकको संवैधानिक तथा कानूनी हकमा आघात परेको अवस्था नहुँदा निवेदकको मागबमोजिम रिट जारी गर्नुपर्ने अवस्था देखिएन । पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।१०।०५ को आदेश कानूनबमोजिमकै देखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः टीकाभूषण घिमिरे

इति संवत् २०७० साल चैत २१ गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-WO-०१३२, उत्प्रेषण/परमादेश, *केशवप्रसाद मैनाली वि. संविधानसभा सचिवालयसमेत*

रिट निवेदक केशवप्रसाद मैनालीले आफू २०६३ सालको संविधानसभाको निर्वाचनमा तत्कालीन चुरेभावर राष्ट्रिय एकता पार्टी, नेपालको तर्फबाट समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत संविधानसभामा निर्वाचित सदस्य भएकोमा सो दलबाट दलत्याग ऐनबमोजिम छुट्टिई जानकारीसमेत गराएकोमा संविधासभाको सदस्य पदबाटै मुक्त गर्ने गरी सभामुखबाट गैरकानूनीरूपमा निर्णय भएको हुँदा संवैधानिक तथा कानूनी हकमा आघात परेको भन्ने निवेदन दावी लिएको देखिए तापनि निवेदन जिकीरबमोजिमको संविधानसभा हाल विघटन भइसकेको र विघटित संविधानसभामा निवेदन मागबमोजिम सभामुखले गरेको निर्णय बदर गराउनु र निवेदकलाई उक्त संविधानभाको सदस्यमा यथावत् राख्न आदेश दिनु निरर्थक र औचित्यहीन हुने देखिँदा निवेदकको संवैधानिक तथा कानूनी हकमा आघात परेको भन्ने अवस्था नै विद्यमान नरहेकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः टीकाभूषण घिमिरे

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल असोज ६ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-WO-००२२, उत्प्रेषण, *सिरहा जिल्ला, मिरचैया गाविस वडा नं. २ स्थित मोहन उच्च माध्यमिक विद्यालय, रामनगरको तर्फबाट प्राचार्य रामवृक्ष ठाकुर वि. जिल्ला शिक्षा कार्यालय, सिरहासमेत*

विद्यालय गाभ्नेसम्बन्धी मौजुद रहेको कानूनी व्यवस्था हेर्दा शिक्षा ऐन, २०२८ को दफा १५ मा "..... नेपाल सरकार वा तोकिएको अधिकारीले जिल्ला शिक्षा समितको राय लिई सञ्चालन भइरहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न अनुमति वा स्वीकृति दिनसक्नेछ" भन्ने व्यवस्था रहेको छ । सोही कानूनी व्यवस्थाअनुसार जिल्ला शिक्षा कार्यालय, सिरहाबाट विद्यालय गाभ्ने प्रक्रिया अघि बढाएको देखिन्छ । तर त्यसरी विद्यालय गाभ्ने गरी मिति २०६८।३।३ मा निर्णय गर्दा जिल्ला शिक्षा समितिको राय नलिई उक्त निर्णय गरिएको भनी भविष्यमा कानूनी बाधा आउन सक्छ भन्ने आधारमा उक्त निर्णयलाई तत्काल कार्यान्वयन नगरी कानूनी प्रक्रिया पूरा गर्नको लागि जिल्ला शिक्षा कार्यालयबाट मिति २०६८।३।२९ मा निर्णय भएको देखिन्छ । सो निर्णयले विद्यालय गाभ्ने सम्बन्धमा भएको पहिलो निर्णयलाई बदर गरेको नभई कानूनी प्रक्रिया पूरा गर्नको लागि उक्त निर्णयको कार्यान्वयन तत्कालको लागि रोकेको भन्नेसम्म देखिने ।

विद्यालय गाभिएको भन्ने मिति २०६८।३।७ को पत्र र उक्त पत्रलाई कार्यान्वयन गर्नबाट रोकेको मिति २०६८।३।२९ को पत्रमध्ये कुनलाई कार्यान्वयन गर्ने भन्ने सम्बन्धमा परेको द्विविधा सम्बन्धमा क्षेत्रीय शिक्षा निर्देशनालयले शिक्षा ऐन, २०२८ को दफा १५

को प्रकृयाबमोजिमको जिल्ला शिक्षा समितिको राय लिई यथाशीघ्र विद्यालय गाभ्ने प्रक्रिया अघि बढाउनु भनी निर्देशन दिइसकेको अवस्थामा निवेदन मागबमोजिम मिति २०६८।३।२९ को पत्रलाई बदर गरी अघिल्लो मिति २०६८।३।३ को निर्णयानुसार विद्यालय गाभ्ने गरी भएको निर्णयानुसारको विद्यालय गाभ्ने कार्यलाई यथावत् राख्नु भनी आदेश जारी गरिरहनुपर्ने अवस्था देखिन आउने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल वैशाख २४ गते रोज ३ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६७-WO-०२४४, उत्प्रेषण, *प्रगास राय यादव वि.रामनारायण राय यादवसमेत*

डाँक लिलाम र चलन पूर्जीउपर प्रस्तुत रिट निवेदनमा दावी नभएको तथा मिति २०६३।९।२५ मा भएको डाँक लिलामसमेत उपर प्रतिवादीले यसै अदालतमा दायर गरेको ०६३-WO-०६०९ को रिट निवेदन खारेज हुने ठहरी मिति २०६६।२।७ मा आदेश भई उक्त डाँक लिलाम सदर कायमै रहेको, प्रतिवादीबाट बैङ्कको रकम दाखिला गराउने गरी भएको सर्लाही जिल्ला अदालतको मिति २०६७।१।९ को आदेश बेरीतको देखिएको भनी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६७।५।११ मा बदर भएअनुसार सर्लाही जिल्ला अदालतको मिति २०६७।६।७ को आदेशबमोजिम वादीले डाँक लिलाम सकार गरेको जग्गाको मिति २०६७।६।१९ मा चलन पूर्जीसमेत प्राप्त गरिसकेको देखिएकोले प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त भइसकेको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

इति संवत् २०७१ साल असार २६ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** २०६७ सालको दे.पु.नं.०६७-CI-००१२, अंश, *जितेन्द्रप्रसाद चौधरी वि. मङ्गलप्रसाद फौजदार*

वादी मङ्गलप्रसादले निजको दाजु सोहनप्रसादकी पत्नी पियारीयादेवीका नाउँको सम्पत्ति तायदातीमा देखाएकोमा सोबाट अंशबन्डा भएको नदेखिएको हुँदा प्रतिवादी बनाइएकी पियारियादेवीलाई बुझी प्रतिवादी पार्वतीदेवीका छोराहरू जितेन्द्र, उपेन्द्र र लोकेन्द्रसमेतलाई प्रतिवादी कायम गरिएको भए पनि निजहरूसँग तायदाती मागिएको नदेखिएको र यस्तै वादीकी आमा कलावती र दाजु भाइहरूसमेतसँग फाँटवारी मागिएको नदेखिनाले स्व. लालबाबुको पत्नी पार्वतीदेवीबाट अंश पाउने भनी ठहर गरेपछि निजका छोराहरू जितेन्द्र, उपेन्द्र र लोकेन्द्रबाट समेत र वादीको आमा कलावती र वादीका अन्य दाजुभाइहरू मोहन, सोहन र महेन्द्रलाई समेत मुलुकी ऐन, अ.बं. १३९ नं. बमोजिम नबुझेको भए बुझी निजहरूसमेत सगोलका अंशियार हुन् होइनन् यकीन गरी न्यायिक निरूपण गर्नुपर्नेमा सोबमोजिम बुझ्नुपर्ने प्रमाण बुझ्दै नबुझी भएको पुनरावेदन अदालत, हेटौंडाको फैसलामा

प्रमाणको मूल्याङ्कनको रोहबाट त्रुटिपूर्ण देखिँदा बदर गरिदिएको छ । अब जो जे बुझ्नुपर्छ बुझी पुनरावेदन अदालत, हेटौंडाबाट नै मुद्दाको कारवाही किनारा गर्नु भनी तारिखमा रहेको पक्षलाई पुनरावेदन अदालत, हेटौंडाको तारिख तोकी दिई सुरू तथा पुनरावेदन अदालतको मिसिलसमेत पुनरावेदन अदालत, हेटौंडामा पठाई दिनु ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७१ साल असार १८ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** २०६३ सालको दे.पु.नं.०६७-CI-०३५५, अंश, *पदमबहादुर कँवर वि. रामबहादुर कँवर*

पुनरावेदकले घटी वा नपुग कोर्टफी दाखिल गरी पुनरावेदन दर्ता गराएको रहेछ भने पनि कोर्टफी ऐन, २०१७ को दफा १४(४) बमोजिम कोर्ट फी दाखिल गर्न लगाई मुद्दाको कारवाही किनारा गर्नुपर्नेमा कोर्टफी ऐन, २०१७ को दफा १८(१) बमोजिम बुझाउनुपर्ने कोर्टफी दाखिल नगरी पुनरावेदन दर्ता गराएको भन्ने आधारमा मात्र मुलुकी ऐन, अदालती बन्दोवस्तको १९३क नं. बमोजिम पुनरावेदन खारेज हुने ठहर्‍याई भएको पुनरावेदन अदालत, तुल्सीपुरको मिति २०६६।५।१४ को फैसलामा कोर्ट फी ऐन, २०१७ को दफा १४(३) र १४(४) समेतको त्रुटि हुँदा बदर गरी दिएको छ । अब पुनरावेदक प्रतिवादीबाट कोर्टफी दाखिला गराउनुपर्ने भए दाखिल गर्न लगाई यथाशीघ्र मुद्दाको कारवाही किनारा गर्नु भनी न्याय प्रशासन ऐन, २०४८ को दफा १४ बमोजिम मुद्दाका पक्षहरूलाई पुनरावेदन अदालत, तुल्सीपुरमा हाजीर हुन जानु भनी तारिख तोकी पुनरावेदन अदालतको मिसिल पुनरावेदन अदालत, तुलसीपुरमा पठाई दिनु ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७१ साल असार १८ गते रोज ४ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-CR-०१६४, ०१९४, जबर्जस्ती करणी र जबर्जस्ती करणी उद्योग, *विष्णुदास भन्ने विष्णुप्रसाद सेढाईं वि. नेपाल सरकार, नेपाल सरकार वि. विष्णुप्रसाद सेढाईं*

प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान, पीडित मन्दिर १ को कागज तथा अदालतसमक्ष भएको बकपत्र तथा पीडित मन्दिर-१ को स्वास्थ्य जाँच परीक्षण प्रतिवेदनसमेत हेर्दा करणी भएको पुष्टि हुन आएको देखिन्छ । यी प्रतिवादीले चिकित्सकले दिएको रायलाई कहीं कतै चुनौती दिएको समेत नदेखिएको हुँदा मन्दिर-२ को हकमा जबर्जस्ती करणीको उद्योग ठहर्‍याउनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न सक्तैन । यी प्रतिवादी विष्णुदास भन्ने विष्णुप्रसाद सेढाईले ६ वर्षकी नाबालिका मन्दिर-१ लाई जबर्जस्ती करणी गरी मुलुकी ऐन, जबर्जस्ती करणीको महलको १ र ३ को कसूर गरेको पुष्टि भएको हुँदा निजलाई सोही मलहको ३(१) नं. अनुसार १२ वर्ष कैद र ऐ.को १० नं. बमोजिम निजबाट मन्दिर-१

लाई रू.६०,०००।- (साठी हजार रूपैयाँ) क्षतिपूर्ति भराइदिने ठहर्‍याएको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६७।११।१७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः शकुन्तला कार्की

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल फागुन २१ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-०३६५, ०५२२, भ्रष्टाचार, *नेपाल सरकार वि. सुविलकुमार राई, अनिलकुमार मल्ल वि. नेपाल सरकार*

बैङ्कको प्रबन्धक अनिलकुमार मल्लको मातहतमा रहेका यी प्रतिवादीउपर प्रबन्धकको अनुपस्थितिमा कार्यालयको काम प्रभावित हुन नदिने कर्तव्य र दायित्वसमेत रहेकोले एक दिनको लागि मात्र प्रबन्धक बिदामा बसेको अवस्थामा बैङ्कको प्रतिष्ठामा आँच आउन नदिने तथा सेवाग्राहीलाई मर्का पर्न नदिनको लागि आपसी विश्वास र सद्भावमा काम गर्नैपर्ने अवस्थाको सिर्जना भएको देखिन्छ । सोहीअनुसार प्रतिवादी सुविलकुमार राईले प्रबन्धकसमेतउपर विश्वास गरी निजको अनुपस्थितिमा निमित्त प्रबन्धक भै कार्य गरेको र सो गर्नैपर्ने बाध्यता सिर्जना भएको अवस्थामा बैङ्ककै कार्य सम्पादनको सिलसिलामा रकम झिकेको कारणबाटै निजलाई दोषी ठहर गर्नु न्यायोचित नहुने हुँदा प्रतिवादी अनिलकुमार मल्ललाई आरोपित कसूर ठहर्‍याएको र प्रतिवादी सविलकुमार राईलाई सफाइ दिने ठहर्‍याएको विशेष अदालत, काठमाडौंको मिति २०६८।२।२६।५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः विदुर काफ्ले

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७१ साल साउन १८ गते रोज १ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** २०६७ सालको ०६७-CR-०८९२, २०६९ सालको ०६९-CR-०१३३, लागु औषध खैरो हेरोइन, *सपुरा खातुन वि. नेपाल सरकार, किसनदेव राउत (कुर्मी) वि. नेपाल सरकार*

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ अन्तर्गतका मुद्दाहरूमा कुनै पनि कुराहरू बरामद गर्दा सोही ऐनको दफा ८ र १० बमोजिमका साथै लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ८ बमोजिम र अ.बं. १७२ नं. बमोजिम बरामदी मुचुल्का तयार गर्नुपर्नेमा अनधिकृत व्यक्तिबाट बेरीतपूर्वक बरामदी मुचुल्का तयार गरिएको भनी पुनरावेदन जिकीर लिएको देखियो । मिति २०६४।९।१३ मा भएको बरामदी खानतलासी मुचुल्कामा स्थानीय दुई व्यक्तिहरू रोहबरमा राखेको, प्रतिवादी तीनैजनालाई रोहबरमा राखेको, प्र.ना.नि. खेमराज रावत, प्र.ज. निरकुमारी राई (महिला प्रहरी) समेत रोहबरमा भई उक्त मुचुल्का तयार गरेको देखिएकोमा के कारणले उक्त मुचुल्का बेरीतपूर्ण भएको हो भनी स्पष्ट जिकीर लिन सकेको अवस्थासमेत नहुँदा प्रतिवादीहरूले अभियोग

दावीबमोजिम कसूर गरेकोले निजहरूलाई १५ (पन्ध्र) वर्ष कैद तथा पाँच लाख रूपैयाँ जरीवाना हुने ठहर्‍याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६५।१२।४ मा भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६७।३।२२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल माघ २२ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** २०६७ सालको ०६७-CR-०४७६, लागु औषध, *नवीनकुमार श्रेष्ठ वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी नवीन श्रेष्ठले आरोपित कसूर अपराध गरेकोमा अदालतसमक्ष इन्कार रहे पनि अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा काम विशेषले वीरगन्ज जान लाग्दा यातायात बन्द भई सिमरामा लामा लजमा बस्दा किसन गुरूङसँग भेट भै कुराकानी गरिरहेको अवस्थामा दुई जना अपरिचित मानिसहरू हामी नजिक आई लागु औषध लिने हो भनी सोधेकोले रू.४५०।- मा तीन पोका खैरो हेरोइन किनी आफ्नो साथमा राखेको र एक पोका फुकाई सेवन गर्न लागेको बेला प्रहरीहरू आई पक्राउ गरेका हुन् भन्दै लागु औषध खैरो हेरोइन खरीद गरी साथमा राखेको तथ्यलाई प्रतिवादी नवीनकुमार श्रेष्ठले र किसन गुरूङले स्वीकार गरी बयान गरेको देखिन्छ । प्रतिवादीहरूको उक्त स्वीकारोक्तिलाई बरामदी मुचुल्का तथा प्रतिवेदक नन्दकिशोरप्रसाद यादवको बकपत्रले समेत पुष्टि गरेको पाइन्छ । उक्त बरामदी मुचुल्कामा निज प्रतिवादीहरू रोहबरमा रहेको देखिनुका साथै सो मुचुल्का र अधिकारप्राप्त अधिकारीसमक्ष भएको निजहरूको बयान अन्यथा प्रमाणित हुन गएको अवस्था पनि नदेखिने ।

लागु औषध सेवन गर्ने गरेकाले खरीद गरेको हो भन्नेसम्मको प्रतिवादीहरूले अदालतसमक्षको बयानमा जिकीर लिन सकेको पनि नदेखिएको र भ्रमणको लागि निस्केका यी प्रतिवादीहरूले २७ ग्राम लागु औषध खरीद गर्नुले पनि सेवनका लागि मात्र हो भन्ने आधार पुष्टि हुँदैन । तसर्थ उपरोक्तानुसारको बरामद भएको परिमाणसमेतलाई हेर्दा प्रतिवादीहरूले सेवनको लागि मात्र उक्त लागु औषध खैरो हेरोइन खरीद गरेको मान्न नमिल्ने ।

पुनरावेदक प्रतिवादी नवीनकुमार श्रेष्ठलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) को कसूरमा सोही ऐनको दफा१४(१)(६)(२) बमोजिम कैद वर्ष १० (दश) र रू.७५,०००।- जरीवाना हुने ठहर्‍याई सुरू बारा जिल्ला अदालतबाट मिति २०६५।१२।११ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।१।१४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल माघ २२ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-WO-१११३, उत्प्रेषण, *रामनाथ साह वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

निवेदकलाई स्वास्थ्य सेवा विभागको मिति २०६८।१२।३० को निर्णयानुसार

जिल्ला स्वास्थ्य कार्यालय, पर्वतबाट जिल्ला जनस्वास्थ्य कार्यालय, महोत्तरीमा सरूवा तथा मिति २०६९।१।१२ को रमानापत्रअनुसार नै विभागको च.नं. ११३७ को पत्रबाट हाजीर गराई कामकाज गर्नसमेत लगाइसकेको भनी नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र स्वास्थ्य सेवा विभागको लिखित जवाफबाट देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः देवीकुमारी चौधरी

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७० साल मङ्सिर ९ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको ०६७-WO-१२८१, २०६८ सालको ०६८-WO-००९७, उपचार खर्च र घा खर्च भराइपाउँ, *डा.उदयप्रताप सिंह वि. डा.अशोकानन्द मिश्र, डा.अशोकानन्द मिश्र वि. डा.उदयप्रताप सिंह*

वादी अशोकानन्द मिश्रलाई (Perforation of left tympanic membrane with bleeding Lt.ear) चोट परेको भन्ने निजको घाउ जाँच केश फारामबाट देखिन्छ । सो चोटको प्रकृति हेर्दा कुटपिटको ७ नं. सँग सामन्जस्यता राख्ने देखिन्छ । प्रस्तुत मुद्दा कुटपीटको महलबमोजिमको दावी लिई दायर भएको भए पनि पीडितलाई प्रतिवादीले कुटपीट गरेतर्फ कुटपीटको महलबमोजिम सजाय गर्न दावी लिएको देखिँदैन । सोतर्फको दावी नभै सोही कुटपीटको महलको ७, ८ र २५ नं. बमोजिम भनी उपचार खर्च, घा खर्चसमेत तर्फ मात्र सम्बन्धित देखिन्छ । पीडितलाई परेको चोटसमेतलाई विचार गर्दा कुटपीटको ७ नं. अनुसार प्रतिवादीलाई रू.२०००।- जरीवाना हुनेमा कुटपीटको २५ नं. अनुसार आधा घा खर्च वापत रू.१०००।- पीडित डा. अशोकानन्द मिश्रले पाउने ठहऱ्याएको पुनरावेदन अदालत, राजविराजको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल पुस १८ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको ०६७-CI-११२७, जग्गा नामसारी निर्णय दर्ता बदर अपुताली हक कायम, *राजेन्द्रबहादुर निरौला वि. सुरेन्द्रबहादुर निरौला*

स्व. भगवती निरौलाले प्राप्त गरेको जीउनीमा निजलाई पालनपोषण गर्ने, औषधिउपचार गर्ने तथा कर्म गर्ने छोराले खान पाउने भनी स्पष्टरूपमा उल्लेख गरेको साथै मिसिल संलग्न डोरबाट भै आएको मुचुल्कासमेतबाट वादी सुरेन्द्र निरौलाले आमालाई पालेको भन्ने देखिन आएको अवस्थामा अपुतालीको ६ नं. बमोजिम आमालाई पालनपोषण गर्ने वादीले एकलौटी खान पाउने हुँदा मालपोत कार्यालय, बेलबारीले छ जना दाजुभाइका नाउँमा संयुक्त नामसारी दर्ता हुने ठहऱ्याएको २०६२।३।९ र २०६२।३।२२ को निर्णय र सोको आधारमा भएको दर्तासमेत बदर गर्नुपर्नेमा सो नगरी सुरेश निरौलाबाहेकका छ भाइ छोराहरूको बराबरी हक लाग्ने गरी भएको मोरङ जिल्ला अदालतको मिति २०६५।३।२६ को फैसला केही उल्टी भै सो जग्गा वादीको नाउँमा एकलौटी हक कायम भै नामसारी हुने ठहऱ्याई पुनरावेदन

अदालत, विराटनगरले मिति २०६७।४।२६ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल पुस १८ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको ०६७-CR-००७४, जालसाजी, *डम्बरबहादुर गुरूङ वि. लोकबहादुर टण्डन*

प्रतिवादी लोकबहादुर टण्डनले लालकुमारी गुरूङसँग राजीनामा गरी जग्गा खरीद गर्दा लालकुमारीले हालैदेखिको बकसपत्रबाट जग्गा लिएको र निजको नागरिकतामा समेत सुश्री लालकुमारी खत्री भनी उल्लेख भएको देखिँदा सो विवादित जग्गा पुनरावेदक वादीहरूको हक लाग्ने नलाग्ने भन्ने कुराको जानकारी प्रत्यर्थी प्रतिवादी लोकबहादुर टण्डनलाई थियो भन्ने मान्न नमिल्ने हुँदा वादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः देवीकुमारी चौधरी

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल पुस ७ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको ०६७-CR-१२८२, केही सार्वजनिक अपराध, *डा. उदयप्रताप सिँह वि. नेपाल सरकार*

घटनाबाट पीडित डा. अशोकानन्द मिश्रलाई "Perforation of left tymponic membrane with bleeding Lt.ear" समेतको चोट परेको भन्ने केश फाराममा उल्लेख भएको देखिन्छ । घटनाको तथ्य स्थापित भैरहेको र सरकारको एउटा जिम्मेवार पदमा आसीन प्रतिवादी डा. उदयप्रताप सिंहले आफ्नो जिम्मेवारी पूरा गरी बाहिर निस्कन लागेका डा. अशोकानन्द मिश्रउपर गरेको साङ्घातिक आक्रमणलाई सामान्य कसूर गरेको भनी न्यून सजाय गर्नुपर्ने स्थिति र अवस्था रहेको मान्न नमिल्ने ।

घटनामा बुझिएका व्यक्तिहरूको बकपत्र फरकफरक भएकोले आफूले सार्वजनिक अपराध नगरी विपक्षी डा.अशोकानन्द मिश्रले नै मलाई र मेरो श्रीमतीसमेतलाई कुटपीट गरेको भनी डा. उदयप्रताप सिँहको लिखित प्रतिवाद रहेको छ । सो सम्बन्धमा हेर्दा जिल्ला प्रशासन कार्यालयको फैसलाबाट नै घटना स्थापित भएको र प्रतिवादीले सो फैसलालाई स्वीकार गरी बसिरहेको अवस्थामा घटना नघटेको भन्ने निजको प्रतिवादलाई कानूनतः स्वीकार गर्न मिल्दैन । आफू र आफ्नो श्रीमतीलाई कुटपीट गरेको भए सोतर्फ कानूनी कारवाही गर्नुपर्ने दायित्व निजको भएकोमा सो नगरिएको अवस्थामा त्यस्ता काल्पनिक कुराले कुनै अर्थ नराख्ने ।

केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा ६(१) ले पनि कसूरको मात्राअनुसार सजाय गर्नुपर्ने भनी उल्लेख भइरहेको परिप्रेक्षमा सो कुरालाई समेत ध्यान दिनुपर्ने देखिन्छ । कसूरको प्रकृति गम्भीर प्रकृतिको रहेको छ । पीडित आफ्नो कर्तव्य पालनको सिलसिलामा रहेको अवस्था छ । प्रतिवादी एउटा जिम्मेवारीयुक्त व्यक्तिले अपराध गरेको र पीडित प्रतिको दायित्व निर्वाह नगरेको स्थिति छ । यी सबै कुरालाई मनन गरी कसूरको मात्रा निर्धारण गर्नुपर्नेमा रू.१००।- मात्र प्रतिवादीलाई सजाय

गरेको मिति २०६६।८।२२ को जिल्ला प्रशासन कार्यालय, सप्तरीको फैसला मिलेको देखिएन भनी केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा ६(१) मा उल्लेख कसूरको मात्रालाई मनन गरी निज प्रतिवादी डा. उदयप्रताप सिँहलाई रू.५०००।- पाँचहजार रूपैयाँ जरीवाना हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको फैसला मिलेको देखिने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल पुस १८ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** २०६८ सालको रिट नं. ०६७-WO-१२४६, उत्प्रेषणलगायतको आदेश जारी गरिपाउँ, *जुलुम महर्जन वि. आशामाया महर्जनसमेत*

रिट निवेदिका जुलुम महर्जनको हकको स्रोत भनेको दाता तुलसीरामबाट मिति २०६५।११।२१ मा पारीत गराई लिएको राजीनामा देखिन्छ । निवेदिकाका दाता तुलसी रावलले लामा बाङजी शेर्पाबाट मिति २०६५।०५।११ को लिखतबाट प्राप्त गरेको देखिन्छ । परदाता लामा बाङजी शेर्पा र उनको दाता छिरिङ गुरूङसमेतका हकको स्रोत भनी देखिएका लिखतहरू सबै चारभागको एक भाग लिखत र सोको आधारमा भएको दर्ता बदर भई सो एक भागमा विपक्षी आशामाया महर्जनको हक कायम हुने गरी पुनरावेदन अदालत, पाटनबाट फैसला भई अन्तिम भइरहेको छ । उक्त फैसला विरूद्ध कुनै उजूर नालिस गरेको नदेखिँदा निवेदकको परदातासमेतको लिखत फैंसलाबाट बदर भई हक टुटिसकेको अवस्थामा फैसला अन्तिम रहेको र हक टुटिसकेका दाताबाट प्राप्त गरेको आधारमा रिट निवेदन दायर गर्ने हक सिर्जना हुन नसक्ने हुँदा निवेदिकाको मागबमोजिमको आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः लोकनाथ पराजुली

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७१ साल जेठ २२ गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६६-CI-११३६, हक कायम, *श्यामबहादुर श्रेष्ठ वि. गोपालबहादुर श्रेष्ठ*

पुनरावेदक प्रतिवादी श्यामबहादुर श्रेष्ठका हाँगातर्फका दाजुभाइबीचमा मिति २०४५।१२।१७ मा अंश मुद्दाको मिलापत्र हुँदा बाबु काकाको नाममा संयुक्त दर्ता रहेको कि.नं.८७ ज.वि.०-४-१० को आधा हिस्सा पूर्व तर्फबाट ज.वि.०-२-५ जग्गा कि.नं.१९० देखि १९५ सम्म परस्परमा बन्डा गरी दर्ता गराएको र पश्चिमतर्फ आधा ज.वि.०-२-५ बाँकी नै छोडेको र सो बाँकी जग्गा जितबहादुर तर्फका अंशियारहरू विष्णुकुमारी, बालकृष्ण र गोपालबहादुरको संयुक्त नाममा कि.नं.१८९ मा दर्ता भएको व्यवहारबाट देखिएको छ । वादी गोपालबहादुरले दाजु बालकृष्णसँगको अंश मुद्दाबाट प्राप्त गरेको कि.नं.२४३ ज.वि.०-०-१०-१$^{1}/_{2}$ जग्गा र सोमा रहेको घरसमेत सोही कि.नं.१८९ बाटै कित्ताफोड भई कायम हुन आएको देखिँदा उक्त घर जग्गा आफ्ना बाबु चक्रबहादुरको अंशभागको जग्गा हो भन्ने पुनरावेदक प्रतिवादीको जिकीर तथ्यसङ्गत् भन्न मिल्ने नदेखिँदा मोरङ, विराटनगर उपमहानगरपालिका वडा नं.१२(क) कि.नं.८७ र

१८९ बाट कित्ताकाट भई कायम हुन आएको कि.नं.२४३ को ज.वि.०-०-१०-११/२ जग्गा र सो जग्गामा भएको घर वादी गोपालबहादुर श्रेष्ठको एकलौटी हक कायम हुने ठहर गरी मोरङ जिल्ला अदालतबाट मिति २०६०।३।१९ मा भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६३।३।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः केशवप्रसाद घिमिरे

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७१ साल असार १० गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६६-CI-११३५, फैसला बदर, निर्णय बदर चलन पूर्जी बदर गरी हक कायम गरिपाऊँ, *श्यामबहादुर श्रेष्ठ वि. गोपालबहादुर श्रेष्ठ* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१०

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६७-CI-१४२१, निषेधाज्ञा, *नारायणभक्त किजु वि. कृष्णप्रसाद त्वनाबासु*

विवादित जग्गाको सम्बन्धमा भक्तपुर जिल्ला अदालतमा मुद्दा परी विचाराधीन रहेको अवस्थामा उक्त घर टहराहरू पुनरावेदकको निर्विवाद हक भोगको जग्गा हो भन्न मिल्ने अवस्था देखिँदैन । भक्तपुर जिल्ला अदालतबाट नै तहाँ विचाराधीन रहेको खिचोला मेटाई हक कायम गरी चलन चलाईपाउँ भन्ने मुद्दामा विवादको जग्गा कसको हो भन्ने सम्बन्धमा न्यायिक निरूपण हुने नै हुँदा निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।९।१३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इति संवत् २०७१ साल असार २२ गते रोज २ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६५-WO-०७०२, परमादेशलगायतको आज्ञा आदेश जारी गरिपाउँ, *बुद्धमाया महर्जनसमेत वि. बद्रीगोविन्द जोशीसमेत*

निवेदकहरूले दायर गरेको फैसला बदर मुद्दामा मिति २०६४।२।३० मा सर्जमिन डोर खटाउने बाहेक अन्य कुनै पनि कामकारवाही विपक्षी भूमिसुधार कार्यालयबाट भए गरेको कुरा विपक्षीतर्फबाट प्रस्तुत लिखित जवाफसमेतबाट देखिन नआएकोले निवेदन मागबमोजिम निवेदकहरू वादी भै चलेको फैसला (निर्णय) बदर मुद्दामा जे जो बुझ्नुपर्ने हुन्छ बुझी कानूनबमोजिम जे जो गर्नुपर्ने हुन्छ गरी ३ (तीन) महिनाभित्र मुद्दाको कारवाही किनारा गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः वसन्तजंग थापा

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल पुस ३० गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-CI-११४१, दा.खा. दर्ता बदरसमेत, *उमेरजंग मादेन वि. नारायण लिम्बुसमेत*

आमा कर्णकुमारीको शेषपछि मात्र यी वादीको हक हुन आउनेमा आमाको जीवनकालमा नै बिक्री भै आमा कर्णकुमारीको नै हकमा नरहेको जग्गामा वादीको हक कायम रहेको भन्न मिल्ने नदेखिँदा आफ्नो हक कायम नभएको विवादित जग्गामा वादीलाई दावी गर्ने हकदैया रहेको

नदेखिनाले हकदैयाको अभावमा वादी दावी पुग्न नसक्ने ठहर्‍याएको सुरू इन्साफलाई उल्टी गरी फिराद दावी नै खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, इलामबाट मिति २०६६।७।१० मा भएको फैसला मनासिब हुँदा सदर हुने ।

इजलास अधिकृतः वसन्तजंग थापा

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल मङ्सिर ६ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CR-०१४६, कालो बजार, *नेपाल सरकार वि. नागेन्द्रदास बानियासमेत*

प्रतिवादी नागेन्द्रदासले गुणस्तरलाई विचार नगरेको भनी कसूरमा साबित रही जिल्ला प्रशासन कार्यालय, तनहुँसमक्ष बयान गरेको देखिन्छ भने बरामदी सामानहरू हेर्दा काठको धुलो मिसिएको जस्तो देखिएको भनिएको र क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, भैरहवाले दिएको मिति २०६७।३।४ को प्रतिवेदनमा पोका १ को "खुर्सानीको धुलोमा काठको धुलो पाइएको भन्ने प्रतिवेदनमा उल्लेख भएको पाइन्छ भने मसला धुलो पोका ४ र बेसार धुलो पोका ३ को लेबल नेपाल सरकारले तोकेको मापदण्डअनुरूप नपाइएको भन्ने उल्लेख हुनुको साथै कैफियत महलमा उत्पादन मिति, उपभोग्य मिति र ब्याच नं. समेत उल्लेख भैरहेको पाइन्छ । सो बाहेक अन्य हानिकारक अखाद्य तथा रासायनिक तत्त्वहरू विद्यमान रहेको प्रतिवेदनबाट देखिन आउँदैन । यस स्थितिमा यी विपक्षी प्रतिवादीको कसूरलाई मानव स्वास्थ्यउपर अत्यन्तै हानिकारक हुनसक्ने तत्त्वहरूसमेत मिसाएर बेचेको भन्नेसम्मको गम्भीर कसूरको रूपमा स्थापित गर्नसकिने अवस्था प्रस्तुत मुद्दाको सन्दर्भमा देखिन आएन । यद्यपि खुर्सानीको धुलोमा काठको धुलो पाउनु मात्रै पनि आफैँमा गुणस्तरहीन सामान तयार पारेको र बेसार तथा मसलाको धुलोमा उपभोग्य मिति र ब्याच नं. समेत उल्लेख नगरिनुबाट यी विपक्षी प्रतिवादीले काठको धुलो मिसिएको तथा तोकिएको मापदण्डसमेत नभएको गुणस्तरहीन मसलाजन्य पदार्थ आम जनताको आँखामा छारो हाली बजारमा बेच्ने कुनियत राखेको भन्ने प्रष्ट हुँदा पुनरावेदन अदालत, पोखराले प्रतिवादीमध्ये यी नागेन्द्रदासलाई रू.२५,०००।- मात्र जरीवाना हुने र अन्य प्रतिवादीहरूलाई सफाइ दिने गरी जिल्ला प्रशासन कार्यालय, तनहुँबाट भएको निर्णयलाई सदर कायम गरेको पुनरावेदन अदालत, पोखराको फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृतः वसन्तजंग थापा

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल मङ्सिर २० गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CR-०५७२, लुटपीट, *झिल्के सार्की वि. माधवप्रसाद दाहालसमेत*

कि.नं.५७२ को जग्गाकै सन्दर्भमा यिनै पुनरावेदक झिल्के सार्की प्रतिवादी र नेत्रबहादुर खत्री वादी भै चलेको दर्ताबदर सन्धिसर्पन कायम मुद्दामा विवादित कर्केली पानी धारा र त्यसले चर्चेको न.नं. ९, ११ र १२ समेतका जग्गा सार्वजनिक देखिएको हुँदा यी प्रतिवादीले आफ्नो नाममा नापी र दर्ता गराएको कार्य गैरकानूनी हुँदा सो हदसम्मको दर्ता बदर हुने ठहर्छ भनी दोलखा जिल्ला अदालतबाट मिति २०५३।३।२८ मा

भएको फैसला अन्तिमरूपमा रहेको देखिन्छ । सो फैसलाबमोजिम सार्वजनिक सन्धिसर्पन कायम भएको कर्केली पानी धारा र त्यसले चर्चेको जग्गामा रहेको २।३ वटा रूखहरू सामूहिक हितको लागि काटिएको भन्ने प्रतिवादीहरूको जिकीरलाई नक्सा मुचुल्का तथा सर्जमिनको व्यहोराले समेत पुष्टि गरेको देखिनाले वादीको हकभोगको जग्गाबाट रूखहरू काटी लुटपीट गरी लगेको भन्न मिल्ने अवस्था नदेखिँदा पुनरावेदन अदालत, पाटनले सुरूको फैसला उल्टी गरी लुटपीटको कसूरबाट प्रतिवादीहरूलाई सफाइ दिने ठहर्‍याएको मिति २०६९।२।१ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृतः वसन्तजंग थापा

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल मङ्सिर ६ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-CR-०७८०, जालसाज, *उमेरजंग मादेन वि. नारायण सिँह मादेनसमेत*

अस्वाभाविक विलम्ब (Un reasonable delay) अर्थात् विलम्बको सिद्धान्त (Principle of Laches) समेतको आधारमा ऐनको मनसायविपरीत जहिलेसुकै र जुनसुकै अवस्थामा पनि मुद्दा दायर हुनसक्छ भनी कीर्ते कागजको १८ नं. ले हदम्यादको परिकल्पना गरेको मान्न सकिने अवस्था देखिँदैन । किनकि प्रस्तुत मुद्दामा यी पुनरावेदक/वादीकी आमा कर्णकुमारीको जीवन छँदैको अवस्थामा लिखत पास गर्ने काम कुरा मिति २०४७।१।१८ मा भए गरेकोमा उतिबेला नै ऐनले तोकेको समयावधिभित्र विवादित लिखतलाई जालसाजी घोषित गरिपाउँ भनी हकवालाले जालसाजी मुद्दा दायर गरिसक्नुपर्नेमा सो नगरी सो भए गरेको चौध वर्ष छ महिना १५ दिनपश्चात् अर्थात् २०६१।७।२६ मा मात्र सोउपर फिराद दायर हुन आएको अवस्थामा उक्त लामो समयको अन्तरालमा हक लाग्ने सम्पत्तिलाई तदारूखताका साथ सोधखोज नगरी आफ्नो हकप्रति सचेत र सजग नरही थाहा पाएको ६ महिनाभित्र भन्ने वाक्यांशलाई मात्र समाती फिराद दर्ता गराएको देखिन आयो । यस स्थितिमा अदालतले आफ्नो हकप्रति सजग र सचेत रहन नसक्ने व्यक्तिको हकको रक्षा गर्नसक्ने स्थिति नहुने हुँदा केवल "थाहा पाएको मितिले ६ महनाभित्र" भन्ने वाक्यांशलाई जहिलेसुकै र जतिसुकै समयपश्चात पनि थाहा पाएको भनी मुद्दा दर्ता गर्न सकिन्छ भनी ऐनको अर्थ गर्दा हदम्यादसम्बन्धी सिद्धान्त तथा विलम्बको सिद्धान्त (Principle of Laches) समेतका सर्वमान्य सिद्धान्तहरूको बर्खिलाप हुनजाने देखिँदा हदम्यादको आधारमा पुनरावेदन अदालत, इलामबाट वादीको दावी जिकीरलाई खारेज हुने ठहर्‍याएको मिति २०६६।७।१० को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृतः वसन्तजंग थापा

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल मङ्सिर ६ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CI-१५६४, सम्बन्ध विच्छेद अंशसमेत, *गणेशभक्त श्रेष्ठसमेत वि. गीता श्रेष्ठ*

प्रतिवादी गणेशभक्त श्रेष्ठसँग यी वादीको विवाह २०६२ सालमा भएको भन्ने मिसिलबाट देखिएको र प्रतिवादीहरूबीच मिति

२०६४।१२।१३ मा अंशबन्डाको लिखत भएको देखिन्छ । २०६२ सालमा सगोलको अंशियारको हैसियत प्राप्त गरिसकेकी यी वादीको संलग्नता उक्त बन्डापत्रको लिखतमा भएको पाइँदैन । बन्डापत्रको प्रतिलिपि हेर्दा कि.नं. ६८३ को जग्गाबाहेकको घर जग्गाबाट मात्र यी वादीका पतिले बन्डा लिए पाएको अवस्था देखिन्छ । सगोलकै अंशियार रहेकी प्रतिवादी गणेशभक्त श्रेष्ठकी आमा तुलसीमायाको नाउँमा रहेको कि.नं.६८३ को जग्गालाई उक्त बन्डापत्रमा उल्लेख नै नगरी निजै तुलसीमायाको नाममा छाडेको अवस्था देखिन्छ । उक्त कि.नं. ६८३ को जग्गा तुलसीमायाको निजी आर्जनको हो भन्ने अथवा बन्डा लाग्नु नपर्ने जग्गा हो भनी पुनरावेदक पक्षले प्रमाण देखाउनसमेत सकेको छैन । यसरी तुलसीमायाको नाउँमा रहेको उक्त कि.नं.६८३ को जग्गा सगोलकै सम्पत्ति हो भन्ने देखिइरहेको प्रस्तुत अवस्थामा यी वादीलाई उक्त सम्पत्तिबाट अंश पाउन बाहेक गर्ने अवस्था सिर्जना गरी उक्त बन्डापत्र खडा भएको देखिएको हुँदा बन्डापत्रमा उल्लेख नगर्दैमा सगोलको सम्पत्तिमा कुनै अंशियारको अंश नै नलाग्ने भनी मान्न मिल्ने अवस्था नहुँदा वादी प्रतिवादीबीच सम्बन्ध विच्छेद हुने तथा उक्त कि.नं. ६८३ को जग्गासमेतबाट दावीले बन्डा पाउने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।१।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

इति संवत् २०७१ साल जेठ ३० गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CI-१५०१, बेलगती मोही लगत कट्टा, *सुखलदास बैरागी वि. यदै खाँ थारू*

प्रतिवादीले मोही प्रमाणपत्र प्राप्त नगरेको भए पनि लामो समयदेखि वादीको घरबारीभन्दा बाहेकको जग्गा जोतभोग गर्दै आएको एवम् जग्गाधनीले बाली बुझी भरपाई दिँदै आएबाट यी प्रतिवादी मोही होइनन् भनी निष्काशन गर्ने हो भने भूमिसम्बन्धी कानूनी व्यवस्था र वैयक्तिक हक एवम् कानूनी राज्यको अवधारणाको प्रतिकूल हुनजाने देखिँदा सुरू भूमिसुधार कार्यालय, बाराले प्रतिवादी भदै खाँ थारूलाई मोही निष्काशन गर्ने गरी गरेको निर्णय बदर गरी मोही लगत कायम गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।६।३ को फैसला प्रतिपादित कानूनी सिद्धान्त एवम् भूमिसम्बन्धी कानूनी व्यवस्थाको प्रतिकूल नदेखिँदा सदर हुने ।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल जेठ १६ गते रोज ६ शुभम् ।

- यसै लगाउको ०६७-CI-१५०२, निषेधाज्ञा, *सुखलदास बैरागी वि. भदै खाँ थारू* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CR-११३९, जीऊ मास्ने बेच्ने, *नेपाल सरकार वि. मोहन श्रेष्ठसमेत*

मौकामा पक्राउ परेका प्रतिवादी चूडामणि सुनारले बयान गर्दा यिनै प्रतिवादी भीमबहादुरलाई केटी खोजीदिन भनी भनेको भन्ने खुलाई बयान गरेका छन् । विवाह गराइदिने भनी केटी खोजिएको भनी भने तापनि केटी पक्षको अभिभावकलाई सो कुराको जानकारी नगराई केटी मात्रलाई एक्लै

ललाई फकाई लगेको अवस्था देखिएको छ । यस्तो स्थितिमा वारदातको कार्यमा यी प्रतिवादी भीमबहादुरको संलग्नतासम्म देखिएको छ । निजको संलग्नता केटी फकाई दिने कार्यसम्म रहेको तर त्यसरी फकाइएकी केटीलाई विवाह गर्ने भन्ने केटाले विदेश भारतमा बिक्री गर्न लैजान्छ भन्ने जानकारी निजलाई रहेको भन्ने कुरा प्रतिवादी चूडामणि सुनारको बयान तथा अदालतमा बकपत्र गर्ने सर्जमिनका मानिसहरूबाट समेत खुल्न सकेको पाइँदैन । यस्तो स्थितिमा केटी बेचिन सक्छे भन्ने जस्ता कुराको सम्भावनाप्रति यी प्रतिवादीले आँखा चिम्लेको यिनको क्रिया गम्भीर हेलचेत्र्याइँभित्र पर्ने देखिएको भन्नेसमेतको आधारमा ३ वर्ष कैद सजाय कायम गर्ने गरी पुनरावेदन अदालतले गरेको फैसला मिलेकै देखिने ।

प्रतिवादी चूडामणि सुनारले बयान गर्दा केटी फकाई ल्याएको रात निज मदनबहादुरसमेत सँगै रहेको भनी खुलाएको बाहेक प्रस्तुत अपराध घटाउने सम्बन्धमा निजको कुनै भूमिका तथा संलग्नताको कार्य देखिएको छैन । निजको यो यस्तो संलग्नता थियो भनी वादी पक्षले पुष्टि गर्नसमेत नसकेको अवस्थामा निज मदनबहादुर सुनारलाई सफाइ दिने गरी गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६७।६।१० को फैसलासमेत मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

इति संवत् २०७१ साल जेठ २५ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** २०६७-CI-१४२३, लेनदेन, *नन्दलाल राउत कुर्मी वि. रामचन्द्र सहनी*

पुनरावेदन अदालतको फैसलामा प्रतिवादीलाई पुनरावेदनको म्याद दिने भनी उल्लेख गरिएतर्फ विचार गर्दा कानूनमा स्पष्ट व्यवस्था भएको कुरालाई बाहेक गरी पुनरावेदनको म्याद दिने गरी फैसलामा उल्लेख गरिएकै आधारमा न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) (ग) को अवस्थाभित्र परेको भन्न मिल्दैन भने त्यस्तोमा पुनरावेदनको म्याद दिएको कारणले मात्र पुनरावेदनमा दर्ता हुनसक्ने पनि होइन । यस सम्बन्धमा सर्वोच्च अदालतबाट नेपाल सरकार विरूद्ध यादव दवाडी भएको मुद्दामा प्रतिपादित कुनै अदालतले पुनरावेदनको म्याद दियो वा कुनै क्षेत्राधिकार तोकिदियो भन्दैमा यो कानूनसम्मत छैन भने त्यसको कुनै अर्थ नहुने । (नेकाप २०६६, नि.नं.८१७८, अङ्क ६, पृष्ठ १०३३) भन्ने सिद्धान्त प्रस्तुत मुद्दामा समेत सान्दर्भिक हुने हुँदा सुरू जिल्ला अदालतको फैसलालाई आधारभूतरूपमा पुनरावेदन अदालतबाट परिवर्तन नगरेको प्रस्तुत मुद्दामा न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) बमोजिम पुनरावेदन लाग्ने स्थिति नदेखिएको अवस्थामा पुनरावेदन अदालतको फैसलामा पुनरावेदनको म्याद दिने भनी उल्लेख भएकै आधारमा सर्वोच्च अदलतमा पुनरावेदन लाग्नसक्ने अवस्था नरहने ।

प्रतिवादीको पुनरावेदनपत्र नै सर्वोच्च अदालतमा दर्ता गर्न नमिल्ने अवस्थाको विद्यमानता माथि विवेचित तथ्य, प्रतिपादित सिद्धान्त एवम् कानूनको रोहबाट देखिएको हुँदा उक्त पुनरावेदनको आधारमा मुद्दाको तथ्यमा प्रवेश गरी पुनरावेदन अदालतको फैसला मिलेको छ, छैन भनी निराकण गरिरहनु नपर्ने हुँदा पुनरावेदनपत्र

दर्ता हुन नसक्नेमा दर्ता भए पनि न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) तथा अ.बं.१८० नं. बमोजिम प्रस्तुत पुनरावेदनपत्र खारेज हुने ।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल जेठ २७ गते रोज ३ शुभम् ।

**इजलास नं.७**

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** २०६८-CR-०९४३, ११६७, १०३६, कर्तव्य ज्यान, *चित्रबहादुर दनुवार वि. नेपाल सरकार, लक्ष्मी दनुवारसमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. रामबहादुर दनुवारसमेत*

मृतकको शरीरको नाजुक भागमा जोखिमी हतियार खुकुरीले पटकपटक प्रहार गर्दा मानिस मर्ने कुरा एकदम निश्चित कुरा भएकोले यस्तो परिणाम हुने कार्यको जानकारी हुँदाहुँदै सो गर्नु मनसायभित्रै पर्ने कुरा भएको र गम्भीर घा चोट (Serious Injury) पार्ने मनसायका साथ भएको प्रहारबाट मानिस मरेमा सो कसूर manslaughter वा Culpable Homicide नभै murder हुने हुँदा मृतकको ज्यान लिने मनसाय नरहेको भन्ने यी प्रतिवादीको पुनरावेदन जिकीरसँग सहमत हुन नसकिने ।

मृतकले खुकुरी समाउनु भन्दा पहिल्यै प्रतिवादीले सो खुकुरी खोसीसकेपछि पनि मृतकबाट प्रतिवादीको ज्यानमा तत्काल खतरा रहेको कुरा मान्न सकिँदैन । त्यस अवस्थामा यी प्रतिवादीले हारगुहार गरेर वा भाग्ने उम्कने काम गरेर वा प्रहरीसँग सुरक्षा लिएर आफूलाई बचाउनुपर्ने पहिलो काम कुरा गर्नुपर्ने तर सो हुन्जेल ज्यान जाने प्रबल सम्भावना देखिएमा आत्मरक्षाको लागि नभै नहुने अत्यन्त कम बल प्रयोग गर्नुपर्नेमा बडो क्रूरतापूर्वक मृतकलाई बोल्न चटपटाउन नदिई खुकुरीको अनगिन्ती प्रहार गरी मारेको वारदात आत्मरक्षाभित्र पर्ने नदेखिने ।

आफूसमक्ष आएकी मृतकलाई पूरा होशहवासमा रहेका प्रतिवादीले बिनाकारण अथवा अत्यन्त मामूली कुरामा क्रूरतापूर्वक खुकुरीले अनगिन्ती हानि मारेको प्रस्तुत वारदात मुलुकी ऐन, अ.बं.१८८ नं. को परिधिभित्र पर्ने नदेखिने ।

प्रतिवादी चित्रबहादुर दनुवारलाई अभियोग दावीअनुसार ज्यानसम्बन्धीको महलको १ र १३(१) नं. को कसूरमा सोही १३(१) नं. अनुसार सर्वस्वसहित जन्मकैद, प्रतिवादीहरू रामबहादुर दनुवार र लक्ष्मी दनुवारलाई ज्यानसम्बन्धीको महलको ४ नं. अनुसार छ महिना कैद सजाय हुने ठहर्‍याएको सुरूको फैसला सदर गरेको पुनरावेदन अदलत, पाटनको मिति २०६५।३।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

परिवर्तित फौजदारी न्यायको पृष्ठभूमिमा प्रतिवादीलाई सर्वस्वको सजाय गर्दा प्रतिवादीमा आश्रित व्यक्तिहरूका अतिरिक्त पीडितले समेत कुनै राहत नपाउने र त्यसबाट निजहरूको पनि बिचल्ली हुने अवस्थाप्रति कानूनले आँखा चिम्लिन मिल्दैन । विश्वका कतिपय मुलुकमा पीडितको ज्यान लिने प्रतिवादीबाट उसमा आश्रितले क्षतिपूर्ति पाउने व्यवस्था रहेको परिप्रेक्ष्यमा विल्कुल बेग्लै कालखण्ड निर्माण भएको मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को सर्वस्व

पनि गर्ने व्यवस्थालाई हामीले यथावत्रूपमा पालन गर्नु उचित हुँदैन । कानूनको प्रत्येक कमी र दोषको अदालतले निराकरण गर्नुभन्दा यसमा विधायिकाले ध्यान दिनु शक्तिपृथकीकरणको सिद्धान्तअनुकूल हुन्छ । तसर्थ सर्वस्वसम्बन्धी वर्तमान विधिशास्त्र र कानूनहरूको अध्ययन गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को सर्वस्व गर्नुपर्ने व्यवस्थाको उपयुक्तताको बारेमा विचार गरी परिमार्जन तथा परिशीलन गर्नका लागि नेपाल सरकार कानून तथा न्याय मन्त्रालय एवम् नेपाल कानून आयोगसमेतलाई जानकारी गराई निजहरूको ध्यानाकर्षण गरिदिने ।

इजलास अधिकृतः जवाहरप्रसाद सिंह

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७१ साल असार ४ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** २०६७-CR-१२५४, कर्तव्य ज्यान, *पूर्णबहादुर तामाङ वि. नेपाल सरकार*

शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण टोक्सीकोलोजीकल प्रतिवेदन प्राप्त गरेपछि खुलाइने भन्ने उल्लेख भएको र प्रहरी विधिविज्ञान प्रयोगशालाको मिति २०६५।५।६ को प्रतिवेदन हेर्दा भिसेरा परीक्षणमा कीटनासक विष (Insecticide) नपाइएको तर मृतकले गरेको बान्ता परीक्षण गर्दा Dichlorvos भन्ने किटनासक विष पाइएको र सो कीटनासक Sulcholar भन्ने उल्लेख भएको पाइन्छ । मृतकको मृत्यु कुन कारणबाट भएको भन्ने यकीन नभए पनि प्रतिवादीले आफ्नो श्रीमतीलाई वारदातको दिन मिति २०६५।२।९ गते बारीमा र घरमा कुटपीट गरी विष सेवनपश्चात् आँगनमा बेहोश भै अचेत रहेको अवस्थामा आँगनमा भेला भएका मानिसहरूको अगाडि पनि श्रीमतीलाई मार्नको लागि लात्ती मुक्काले हानेको भन्ने देखिँदा प्रतिवादी पूर्णबहादुर तामाङले आफ्नो श्रीमती ज्ञानीमाया तामाङलाई कुटपीट गरी हत्या गरेको उपरोक्त आधार प्रमाणबाट देखिँदा प्रतिवादी पूर्णबहादुर तामाङलाई ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. को कसूरमा सोही १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको पुनरावेदन अदालत, पाटनको फैसला मिलेको देखिँदा सदर हुने ।

प्रतिवादी र मृतक श्रीमान् श्रीमतीको नाता रहेको देखिन्छ । मृतकलाई मार्नुपर्नेसम्म पूर्वीरसइबि रहेको देखिँदैन । वारदातको दिन आवेशमा लात्ति मुक्काले वारी घरमा कुटपीट गरेकोले श्रीमतीको विष सेवन गरी बेहोश भैरहेको अवस्थामा समेत कुटपीट जारी राखेको कारणबाट मृत्यु भएको देखिन्छ । जाहेरवालाले मृतकलाई प्रतिवादीले नियतवश विष सेवन गराएको भन्ने कुरा प्रत्यक्ष देखेको भन्ने यकीन हुन नआएको र वारदातको अवस्थामा मृतक र प्रतिवादीको २ वर्षको अबोध बालक रहेको देखिन्छ । प्रतिवादीको उमेर २३ वर्षको देखिँदा निजलाई तोकिएबमोजिमको सजाय गर्दा चर्को पर्न जाने चित्तमा लागेकोले १० वर्ष मात्र कैद सजाय हुने ।

इजलास अधिकृतः जवाहरप्रसाद सिंह

इति संवत् २०७१ साल असार ४ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** २०७०-WO-०५८३,

उत्प्रेषण परमादेश, *काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वार्ड नं. २२ न्यूरोडस्थित बोईलिङ कन्सल्यान्टस् प्रालि र आफ्नो तर्फबाट सरोज बस्नेतसमेत वि. शहरी विकास मन्त्रालयसमेत*

राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशित सूचनाबाट प्राकृतिक न्यायको सिद्धान्तको परिपालन हुने कुरालाई ठेगाना प्रष्ट नभएका व्यक्ति फर्म आदिको हकमा अपवादको रूपमा मान्न सकिए पनि त्यस्ता कुरालाई सामान्यतया स्वीकार गर्न सकिँदैन । यस मुद्दामा त्यस प्रकारको अपवादको अवस्था विद्यमान रहेको देखिन आउँदैन । कानूनले व्यवस्था गरेको प्रत्येक कुरा बाध्यात्मक हुन्छ । त्यसमा पनि म्याद सूचना र म्याद तामेल गर्नुपर्ने प्राकृतिक न्यायसम्बन्धी कार्यविधिको व्यवस्था स्वच्छ न्यायको आधारस्तम्भ भएकोले यसमा हुने सामान्य तलमाथि वा विचलन मनासिब हुँदैन । यस मुद्दामा विपक्षीहरूलाई निवेदकहरूको कार्यालय वा घरको ठेगाना थाहा रहेको अवस्थामा सो ठेगानामा सूचना जारी नगरी विपक्षीले नेपाल राष्ट्रिय दैनिक गोरखापत्रमा मिति २०७०।१०।११ मा स्पष्टीकरण पेश गर्नका लागि प्रकाशित गरेको सूचनाबाट प्राकृतिक न्यायको सिद्धान्तको परिपालन भएको मान्न नमिल्ने हुँदा विपक्षी सार्वजनिक खरीद अनुगमन कार्यालय, ताहाचल, काठमाडौंले मिति २०७०।१०।११ मा राष्ट्रिय दैनिक गोरखापत्रमा सूचना प्रकाशित गरी निवेदकहरूउपर उठान गरेको कारवाहीलाई विधिसम्मत् कारवाही मान्न नमिल्ने हुँदा सो सूचनालाई उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । अब उप्रान्त कानूनको प्रक्रिया पुर्‍याई विधिसम्मत् कामकारवाही गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः जवाहरप्रसाद सिंह
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०७१ साल असार २ गते रोज २ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०७०-WH-००५९, बन्दीप्रत्यक्षीकरण, *ज्ञालेन्द्र श्रेष्ठ वि. केन्द्रीय कारागार कार्यलिय, डिल्लीबजार काठमाडौंसमेत*

निवेदकको नाममा जारी भएको म्याद ठैब गाविस वडा नं. ७ मा जारी नभै काठमाडौं जिल्ला, कामनपा वडा नं. २२ स्थित सार्वजनिक सूचना पाटीमा टाँस भएको कारण निजले प्रतिवाद गर्न नपाएको तथ्य स्पष्ट भएको पाइयो । आफूविरूद्ध लागेको आरोप सम्बन्धमा यी निवेदकले जानकारी नपाएकोले निजको नाममा जारी भएको समाह्वान म्याद र तामेलीले कानूनी मान्यता प्राप्त गर्न नसकेको हुँदा निजलाई आरोपित कसूरमा कसूरदार ठहर्‍याई भएको २०६५।९।९ को फैसला निवेदकको हकमा प्राकृतिक न्यायको सिद्धान्तप्रतिकूल भएको देखिन आयो । अतः निवेदकको नाममा जारी भएको समाव्हान मिति २०६३।११।१५ को तामेली र काठमाडौं जिल्ला अदालतको मिति २०६५।९।९ को फैसलासमेत र सो फैसला कार्यान्वयन गर्न भएको कैदी पूर्जीलगायतका सम्पूर्ण कामकारवाही निवेदकको हकमा सम्म उत्प्रेषणको आदेशद्वारा बदर भई निवेदक गैरकानूनी थुनाबाट मुक्त हुने भनी बन्दीप्रत्यक्षीकरणको आदेशसमेत जारी

हुने ।

निवेदकसमेत विरूद्ध काठमाडौं जिल्ला अदालतमा दायर भएको ठगी र सरकारी छाप कीर्ते मुद्दामा निजलाई प्रतिवाद गर्ने मौका प्रदान गरी निर्णय गर्नु प्राकृतिक न्यायको सिद्धान्तअनुसार हुने हुनाले निजलाई कैदबाट तत्काल मुक्त गरी उक्त मुद्दामा बयान गर्न काठमाडौं जिल्ला अदालतमा उपस्थित गराइदिनु भनी केन्द्रीय कारागार कार्यालय, डिल्लीबजारको नाममा र निवेदकको हकमा जे जो बुझ्नुपर्ने बुझी मुद्दाको कारवाही किनारा गर्नु भनी काठमाडौं जिल्ला अदालतको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः सूर्यप्रसाद रेग्मी

कम्प्युटरः सबिना अधिकारी

इति संवत् २०७१ साल जेठ २७ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६६-CR-०२९६, करकाप, *रामजीप्रसाद कुशवाहा वि. विजयप्रसाद यादव*

विवादित तमसुकमा उल्लेख भएको लिखतको मिति हेर्दा २०६० साल फागुन १६ गते रोज १ भनी उल्लेख भएकोमा वास्तवमा उक्त मिति २०६०।११।१६ उक्त लिखतमा उल्लेख भएमुताबिक रोज १ आइतबार नभै रोज ७ शनिबार परेको भन्ने कुरा २०६० सालको पात्रोबाट देखिएकोले तमसुक खडा भएको मितिमा नै संशयको अवस्था देखिन आएको परिप्रेक्ष्यमा उक्त लिखत करकापबाट तयार भएको भन्ने देखिँदा बारा जिल्ला अदालतबाट मिति २०६४।३।३२ मा विवादित लिखत करकापबाट भएको ठहर्‍याई भएको फैसला उल्टी गरी करकापको वादी दावी पुग्न नसक्ने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।४।१३ को फैसला मिलेको नदेखिँदा उल्टी भै मिति २०६०।११।१६ को तमसुक करकापबाट तयार भएको ठहरी विपक्षी विजयप्रसाद यादवलाई मुलुकी ऐन, दण्ड सजायको १२ नं. बमोजिम रू.१०००।- एकहजार जरीवाना गरेको बारा जिल्ला अदालतको मिति २०६४।३।३२ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः सूर्यप्रसाद रेग्मी

कम्प्युटरः सबिना अधिकारी

इति संवत् २०७० साल असार २ गते रोज २ शुभम् ।

- यसै लगाउको ०६६-CI-०४०५, लेनदेन, *रामजीप्रसाद कुशवाह वि. विजयशङ्कर यादव* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं.१०

१

**मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६६-CI-०३५०, लेनदेन, *कपीलदेव चौधरी कलवार वि. महमद सगीर*

प्रतिवादीले वादी दावीबमोजिमको लिखतअनुसारको रकम बुझाइसकेको भन्ने कुराको विवादरहित तवरले पुष्टि गर्ने भरपाई मौकामा पेश गर्न नसकि पुनरावेदन अदालतमा पेश गरेकोमा मात्र प्राविधिक कारण देखाई त्यस्तो भरपाई लिखतलाई प्रमाणमा ग्रहण नगरी निर्णयमा पुग्दा त्यसले न्यायको मर्म नै मर्न जाने हुँदा पक्षले तत्काल प्राप्त गर्न नसकेको भरपाईलाई पछि पुनरावेदन अदालतमा पुनरावेदन गर्दा पेश गरेको आधारमा मात्र प्रमाणमा लिन नमिल्ने भन्नु कानूनी

दृष्टिबाट समेत न्यायसङ्गत् नहुने हुँदा प्रतिवादीले पेश भरपाई लिखतबाट वादीले साँवाव्याज बुझिसकेको देखिँदा वादी दावीबमोजिम साँवाव्याज प्रतिवादीबाट भराई पाउने ठहर्‍याई सुरू रौतहट जिल्ला अदालतबाट मिति २०६२।११।१८ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी गरी वादी दावी नपुग्ने ठहर्‍याई भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६५।१२।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०७१ साल असार ३० गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६७-CI-१३१६, ठेक्का रकम मिनाहा गरिपाउँ, *जिल्ला महोत्तरीस्थित जलेश्वर नगरपालिकाको कार्यालय वि. राम सिकिल साह*

करारबमोजिमको दायित्व दुबै पक्षले पालना गर्नुपर्नेमा आफूले पालना गर्नुपर्ने दायित्व पूरा नगर्ने पक्षले अर्को पक्षलाई करारीय दायित्व पूरा गर्नुपर्छ भनी बाध्य गर्न मिल्ने देखिँदैन । प्रस्तुत मुद्दामा यी पुनरावेदक प्रतिवादी जलेश्वर नगरपालिकाले बोलपत्र सम्झौताबमोजिम आफूले गर्छु भनेको काम वरूणसर पोखरीको उत्तरपट्टीको डिलमा अवस्थित मुहडी बनाई नदिएको अवस्थामा प्रत्यर्थी वादीको ठेक्काको किस्ता रकम तिर्नुपर्ने दायित्वलाई मात्र पूरा गराउन खोजेको पाइयो । यस्तो अवस्थामा प्रत्यर्थी वादीले एक वर्षको ठेक्काको किस्ता रकम यी पुनरावेदक प्रतिवादीबाट मिनाहा पाउँदैन भनी भन्नु कानून र न्यायको दृष्टिकोणले युक्तिसङ्गत् नहुँदा सुरू महोत्तरी जिल्ला अदालतबाट मिति २०६४।१।१६ मा भएको फैसला उल्टी गरी वादी दावीबमोजिमको किस्ता रकम प्रतिवादीले मिनाहा दिनुपर्ने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।१।८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मनोज श्रेष्ठ

कम्प्युटरः गीता घिमिरे

इति संवत् २०७१ साउन १५ गते रोज ५ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री गोपाल पराजुली,** २०६९-AP-०४५२,२०७०-AP-०४२६, अदालतको अवहेलना, *अधिवक्ता अञ्जनी कुमार पोखरेल वि. कैलाश सिरोहियासमेत, अधिवक्ता रत्नकुमारी श्रेष्ठ वि. सुधिर शर्मासमेत*

पेश भै आएका दुवै निवेदनहरूमा निवेदकहरूले विपक्षीहरूको सञ्चालन, निर्देशन, सम्पादनमा रहेको कान्तिपुर दैनिकले विभिन्न लेख, समाचार, सम्पादकीय आदि प्रकाशित सामग्रीद्वारा न्यायको रोहमा न्यायिक कार्यसम्पादन गरेको बिषयलाई न्यायालयप्रतिको जनआस्था कमजोर गराउने र अनास्था पैदा गर्ने, अनुचित र भ्रामक हल्ला फिँजाई (Scandalize) त्यस्ता प्रकाशनहरू मार्फत न्यायिक कामकारवाहीमा हस्तक्षेप गर्ने एवम् स्वतन्त्र न्यायपालिकाको अभिन्न अवयव रूपमा रहेका अदालतका न्यायाधीश एवम् कानून व्यवसायीहरूको मर्यादामा आघात पुग्ने गरी आधारहीन लान्छना लगाई स्वतन्त्र न्यायपालिकाको अवधारणाप्रतिकूल गम्भीर अवहेलनात्मक कार्य गरेकाले विपक्षीहरूलाई

हदैसम्मको सजाय गरिपाउँ भन्ने निवेदन दावी देखिन्छ । यथार्थमा अदालतको अवहेलनासम्बन्धी बिषयमा निवेदकको भूमिका अदालतको असम्मान वा अवज्ञा भएको जानकारी गराउने सम्म मात्र हुने भनी यस अदालतले नेकाप २०६३ अङ्क १२ नि.नं. ७८०१ पृष्ठ १५९३ लगायतका यस्तै प्रकृतिका कैयौं विवादमा सिद्धान्त प्रतिपादन गरिसकेको सन्दर्भमा अवहेलनाजन्य क्रियाकलाप भएको छ वा छैन भन्ने तथ्यको निक्यौंल निवेदनमा उल्लिखित तथ्य वा दावीमा मात्र सीमित रहिरहनु पर्ने आवश्यकता रहदैन । अदालतले समग्रमा विपक्षीहरूको कामकारवाहीवाट अदालत वा त्यसवाट हुने न्याय सम्पादन र न्यायप्रशासनको कार्यप्रति सर्वसाधारणमा अविश्वास वा अनास्था पैदा हुने वा अदालतको सम्मान,मर्यादा वा प्रतिष्ठामा आघात पुग्ने कार्य गरेको छ वा छैन भन्ने कुराको निक्यौंल वस्तुनिष्ठ रूपमा गर्न सक्ने नै हुने ।

यस अदालतको मिति २०७१।३।१८, २०७०।४।२८ र २०७०।२।१ को आदेश बमोजिम पेश हुन आएको कान्तिपुर दैनिक पत्रिकाको विभिन्न मितिमा प्रकशित सामग्रीहरूको अध्ययन समेत गरियो । इजलासमा प्राप्त सामग्रीहरू हेर्दा कान्तिपुर दैनिकको ३१ कान्तिपुर दैनिकको ३१ वैशाख २०७० को प्रथम पृष्ठको समाचार टिप्पणीको पहिलो अनुच्छेदमा अदालतको अवहेलना गरेको भन्दै कान्तिपुरविरूद्ध सर्वोच्च अदालतमा मुद्दा परेको, दोस्रो अनुच्छेदमा मुद्दा सुनुवाइका लागि पेशी तोकिएको समाचार उल्लेख भएपछि तेस्रो अनुच्छेदमा अवहेलना भयो भनी चुनौती दिइएको लेखको मुख्य सारांश उल्लेख गरी उक्त लेखको औचित्यता पुष्टि गर्न खोजिएको देखिन्छ । साथै उक्त लेखविरूद्ध अवहेलना मुद्दा दर्ता भैसकेको र सुनुवाइका लागि पेशी तोकिसकेको समाचार उल्लेख गरिसकेकोले विपक्षीहरूलाई सो विषय अदालतमा विचाराधीन (Subjudice) विषय बन्न पुगेको स्पष्ट जानकारी भएको देखिन्छ । अदालतमा विचाराधीन विवादमा पत्रिकाले आफ्नो धारणा व्यक्त गर्नु भनेको सो विषयमा Media-trial गरी जनमत तयार गर्ने अभियान हो । अदालतको विचाराधीन विवादको विषयमा Media-Trial को अभिष्ट न्यायाधीशहरूलाई आफ्नो अन्तस्करणवाट देखेको न्यायको आवाज अभिव्यक्त गर्न अवरोध पुर्‍याउनु रहेको हुन्छ । संसारभरी नै Media-Trial को यो अवस्थालाई न्यायिक कार्यमा अवरोध गरेको सम्झी अत्यन्त गम्भीर अवहेलनाजन्य कार्यका रूपमा लिने गरिएको भएता पनि कान्तिपुर दैनिकले पत्रकारिताको यो आधारभूत र न्यूनतम मान्यतालाई ठाडो उल्लङ्घन गरेको देखिने ।

२८ वैशाख २०७० को पृष्ठ ३ मा पद र पहिचानबीचको महान अन्तर भन्ने स्तम्भमा स्तम्भकार विजयकुमारले यस अदालतका सम्माननीय प्रधान न्यायाधीशज्यू एवम् माननीय न्यायाधीशज्यूहरूप्रति लक्षित गरी "झगडियालाई घरमा बोलाएर राती राती चियर्स गरेर नेपालको न्यायिक नेतृत्वले आफूलाई भन्दा देख्नेलाई लाजको स्थानमा उभ्याएको", "आजभोलि न्यायाधीशहरू बुट्टा भएको र नभएको टिसर्ट बाहेक केही देख्दैनन्" एवम् "अब मुद्दा जित्न वकिल होइन न्यायाधीश राख्नुपर्छ" जस्ता झूट्टा र अनर्गल एवम् न्यायालय, न्यायकर्मी र समग्र न्यायपद्दतिप्रति नै अत्यन्त अशोभनीय अमर्यादित र विद्वेषपूर्ण अभिव्यक्तिहरू उल्लेख गरी प्रकाशन गरेको देखिने ।

पत्रिकाको २६ वैशाख २०७० को अङ्कमा

घनश्याम खड्काको नाउँबाट लेखिएको "नथुन न्यायको बाटो" भन्ने लेखमा सर्वोच्च अदालतले गरेको अमूक मुद्दाको फैसलाको प्रसङ्गमा "मौलिक हकको रक्षा र संवैधानिक प्रावधानको पालना गर्न बसेको सर्वोच्चले नागरिकलाई रिट लिएर आउने बाटै थुनिदिएको छ", "रिट दायर गर्नुअघि विपक्षीहरूलाई जानकारी दिएको प्रमाण रिट साथै पेश गर्ने, निवेदकलाई कालोसूचीमा राख्ने, जरीवानासरह क्षतिपूर्ति तिराउने जस्ता प्रावधान हाम्रो अन्तरिम संविधानले कल्पनासम्म पनि गरेको छैन । तर संविधानकै पालक सर्वोच्चले यस्तो बखेडा निकालेर नागरिकको मौलिक हकलाई अपहरण गर्ने दुस्साहस गरेको छ" भन्ने जस्ता अनुचित, अवाञ्छित र अमर्यादित शब्दावली प्रयोग गरी यस अदालतबाट भएको फैसलाको अप्रासङ्गिक र गलत व्याख्या गरेको देखिएको छ । उक्त फैसलापश्चात पनि यस अदालतले सयौंको सङ्ख्यामा रिट निवेदन दर्ता गरेको तथ्यले निवेदकले उल्लेख गरेको "सर्वोच्चले बखेडा निकालेको" भन्ने अभिव्यक्ति सरासर भ्रामक र अमर्यादित भन्ने देखिन आउँछ । यो अदालतप्रति नकारात्मक सन्देश प्रवाह गर्ने दुष्प्रयासको नमूना हो । अदालतका फैसलाहरूको प्राज्ञिक समीक्षा हुनु अपेक्षित मात्र होइन आवश्यकसमेत हुन सक्छ र अदालतबाट भएका फैसला र आदेशको सामयिकरूपमा गरिने प्राज्ञिक समीक्षाले विधिशास्त्रको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यो सदा स्वागतयोग्य कदम पनि हो । अर्कातर्फ अदालतको फैसला वा आदेशमा चित्त नबुझ्ने पक्षले तोकिएको कानूनी प्रक्रिया अवलम्बन गरी सक्षम अदालतमा चुनौती दिन पाउने कानूनी व्यवस्थाको अवलम्बन गर्न सक्ने अवस्था पनि रहेकोमा प्रस्तुत लेखमा फैसलाका उल्लिखित आयामहरूलाई नजरअन्दाज गरी सो मार्गको अवलम्बन नगरी फैसलाले कुनै खास सन्दर्भमा उल्लेख गरेको व्यहोरालाई आफ्नो निहित आग्रहअनुरूप अपव्याख्या गरी अदालतप्रति अनास्था पैदा गर्ने अकण्टक प्रयास गरेको मान्नुपर्ने ।

यिनै विपक्षीको मिति १७ वैशाख २०७० को "श्रीमान्लाई टिसर्ट मन नपरेपछि" भन्ने शीर्षकको लेखमा निज स्वयम् यस अदालतका माननीय न्यायाधीशको च्याम्बरमा प्रवेश गरी न्यायाधीशलाई निजले लगाउने पोशाकका बारेमा अनेक प्रश्न प्रतिप्रश्न गरेको र त्यसको लगतै सम्माननीय प्रधान न्यायाधीशज्यूको च्याम्बरमा समेत जवाफ लिन प्रवेश गरेको व्यहोरा उल्लेख भएको देखिन्छ । यस सम्बन्धमा यस अदालतको आदेशानुसार सम्बन्धित इजलास अधिकृत तथा यस अदालतको प्राशासन शाखाबाट प्राप्त मिसिल संलग्न प्रतिवेदन हेर्दा विपक्षी निज घनश्याम खड्का बिनाअनुमति सिधै माननीय न्यायाधीशको निजी च्याम्बरमा प्रवेश गरी न्यायाधीशज्यूलाई अत्यन्त अशीष्ट, अमर्यादित, अशोभनीय र आपत्तिजनक ढङ्गले धम्काएको भन्ने व्यहोरा उल्लेख गरेको देखिएको र उक्त लेखले सोही कार्यको पुष्ट्याइँ गर्ने चेष्टा गरेको देखिँदा सो लेखलाई समेत निजको गम्भीर फौजदारी प्रकृतिको अवहेलनाजनक कार्यको निरन्तरताको रूपमा लिनुपर्ने ।

न्याय परिषद्को मिति २०७१।१।९ को निर्णयले यस अदालतमा रिक्त न्यायाधीशको पदमा गरिएको सिफारिशप्रति तथ्यको यथार्थ छानबिन नै नगरी सिफारिशमा परेका न्यायाधीशहरूको विरूद्ध धारावाहिकरूपमा

तथ्यहीन र भ्रमपूर्ण लेख र टिप्पणीहरू प्रकाशन गरेको देखिन्छ । "कारवाही तोकिएकालाई न्यायाधीशको सिफारिश" (२०७१।१।१०) शीर्षकमा प्रकाशित समाचारजन्य टिप्पणीमा कारवाही सम्बन्धमा न्याय परिषद्बाट भए गरेको थप प्रक्रिया र निर्णयका सम्बन्धमा यथार्थ सूचना सम्प्रेषण नगरी आफ्नो आग्रह अनुकूलका आंशिक सूचना मात्र उल्लेख गरी आम पाठकहरू र स्वयम् संसदीय सुनुवाइ हुने निकाय (संसदीय सुनुवाई समिति) लाई भ्रमपूर्ण सन्देश प्रवाह गरेको देखिने ।

कान्तिपुर दैनिकको २०७१।१।१४ को पहिलो पृष्ठमा "न्यायाधीश सिफारिश संसदले उल्टाउनुपर्छ" भन्ने शीर्षकमा पूर्व प्रधान न्यायाधीश मीनबहादुर रायमाझीले व्यक्त गरेको भनी पुनरावेदन अदालतका बहालवाला न्यायाधीशहरूलाई "ऐरे, गैरे, नत्थु खैरे" जस्ता तुच्छ र अमर्यादित शब्दावलीयुक्त अभिव्यक्तिलाई कान्तिपुर दैनिकले उच्च प्राथमिकताका साथ प्रकाशन गरेको देखिँदा उल्लिखित न्यायाधीशको पदलाई ऐरे, गैरे, नत्थु, खैरे जस्ता अभिव्यक्ति एवम् प्रकाशनहरू प्रथम दृष्टिमा नै अवहेलनाजन्य रहेका छन् ।

२०७१।१।३० को कान्तिपुर समाचारपत्रको पृष्ठ २ मा प्रकाशित "कुन न्यायाधीश के विवादमा" भन्ने शीर्षकमा प्रकाशित समाचारमा तथ्य र यथार्थता भन्दा पनि सिफारिशमा परेका न्यायाधीशहरू प्रतिको आग्रह र द्वेषपूर्ण भावनाले ग्रसित भै हुँदै नभएको तथ्यको उल्लेखन गरी अनर्गल प्रचार गर्ने दुष्प्रयास गरिएको छ । समाचार प्रवाह गर्दा न्यूनतम्रूपमा हुनुपर्ने तथ्यमा स्पष्टता र दृष्टिकोणमा तटस्थतालाई कहिँकतै अवलम्बन गरेको नदेखिने ।

यस्तै २०७१।२।२० को "अदालतले रातारात छाड्यो महेश सिंहलाई" भन्ने समाचार टिप्पणीमा अदालतले न्यायिक प्रक्रिया अवलम्बन गरी न्यायको रोहमा प्रतिवादीले सफाइ पाउने ठहर्याई गरेको फैसलालाई साक्षी प्रमाण नै नबुझी छाडेको भन्ने जस्ता तथ्यहीन समाचार प्रकाशन गरेको देखिन्छ । अदालतले कानूनद्वारा तोकिएको कार्यविधि अवलम्बन गरी मुद्दाको कारवाही र किनारा गर्ने एवम् त्यस्तो कारवाही वा किनारामा त्रुटि भएमा पुनरावेदन सुन्ने निकायबाट सच्याउने प्रक्रिया प्रचलित नेपाल कानूनमा रहँदारहँदै त्यससम्बन्धी न्यायिक प्रक्रिया नै प्रभावित हुने गरी त्यस्तो कानूनी व्यवस्था नै नभए जस्तो गरी न्यायिक कारवाहीप्रति नै अनास्था सिर्जना हुने गरी टिप्पणी गरेको देखिने ।

"मुख्य अभियुक्त छुटे, चालक मात्र जेलमा" भन्ने २०७१।२।३१ को घनश्याम खड्काको समाचार टिप्पणी प्रकाशन गरिएको छ तर सो प्रकाशित सामग्रीमा के कुन आधार कारणबाट तल्लो निकायको आदेश बदर गरिएको छ भन्ने सम्बन्धमा अदालतबाट भएको आदेश व्यहोराको एक शब्दसम्म पनि उल्लेख गरिएको छैन । आदेशको परिणामलाई मुख्य बिषयवस्तु बनाइएको समाचारमूलक टिप्पणीमा आदेशमा लेखिएको व्यहोरा उल्लेख गर्नु कम्तीमा पनि समाचार सम्प्रेषकको न्यूनतम् नैतिकता हो । आदेशमा उल्लेख भएको व्यहोरा त्रुटिपूर्ण भए सोको जानकारी पाठकलाई दिनुले पाठकले पनि सही सूचना प्राप्त गर्न सक्ने र न्यायिक काम कारवाहीमा पनि कुनै त्रुटी भए सच्चिने अवसर समेत प्राप्त हुनेमा त्यसतर्फ पूरै बेवास्ता

गरी आंशिक सूचना मात्र प्रवाह गरी पाठकमा र सर्वसाधारणमा अदालतप्रति नकारात्मक सन्देश प्रवाह गर्ने कलुषित धारणा प्रवाह गरिएको छ । टिप्पणीको छैठौं अनुच्छेदको तेस्रो पंक्तिमा "न्यायाधीश नियुक्ति गर्नुपूर्व निकै विवादमा तानिएका न्यायाधीशहरू" भन्ने उल्लेख गरेबाट अदालतबाट भएको आदेशप्रति जनमानसमा सन्देहको भावना पैदा गराउने र न्यायाधीशहरूप्रतिको आफ्नो दुराग्रहसमेत अभिव्यक्त गर्ने दुरासयका साथ टिप्पणी गरिएको देखिने ।

कान्तिपुर दैनिकको २०७१।२।११ को "जता पराजुली उतै रिट" शीर्षकको कृष्ण ज्ञवालीको नामबाट प्रकाशित समग्र समाचारमा टिप्पणीको शीर्षकदेखि समग्र प्रकाशित सामग्री नै न्यायाधीशप्रति व्यक्तिगत पूर्वाग्रह र दुराशय अभिव्यक्त गरी अदालतको सम्मान, मर्यादा र स्वच्छतामा आघात पुर्‍याउने किसिमको रहेको छ । अदालतमा दर्ता हुनआएका सबै प्रकृतिका सबै विवादहरूमा तोकिएका कार्यविधि अवलम्बन गरी सम्माननीय प्रधानन्यायाधीशबाट सुनवाइका लागी वेञ्च र न्यायाधीश तोक्ने पद्दति रहेको सर्वविदितै छ । निर्धारित पद्दति अवलम्बन गरी आफू समक्ष पेश भएको मुद्दाको सुनुवाइ गरी न्यायिक मूल्य मान्यता र स्थापित पद्दति समेतका आधारमा गरिएका न्याय सम्पादनका काम कारवाहीलाई कुत्सित नियतले भ्रमपूर्ण निष्कर्ष निकाली अदालत र न्यायिक निकायप्रति वितृष्णा र अनास्थाको भावना जागृत गराउने दुष्प्रयास गरिएको सो प्रकाशित सामग्रीबाट देखिने ।

उल्लिखित दुराग्रहपूर्ण, कलुषित एवम् पूर्वाग्रहयुक्त व्यक्ति लक्षित लेख समाचार आदि अदालतप्रति अनास्था पैदा गरी अदालत र यसमा कार्यरत न्यायाधीशहरूको बारेमा अनुचित र भ्रम सिर्जना गरी समग्र न्यायपालिकालाई कमजोर बनाउने र स्वतन्त्र र सक्षम न्यायपालिकाबाट स्वच्छ न्याय प्राप्त गर्न सर्वसाधारण आमनागरिकको हक अधिकारमा वाधा सिर्जना गर्ने, न्यायाधीशको मनोबल कमजोर बनाउने र परिणामतः न्यायिक प्रक्रियामा नै अवरोध पुर्‍याउने मनसाय रहेको भन्ने उक्त लेख, समाचारहरूको मालाकार चक्रयुक्त श्रृङ्खलाबद्ध प्रकाशनहरूबाट देखिन आउँछ । अवास्ताविक, तथ्यहीन र भ्रमपूर्ण समाचार वा टिप्पणी पनि बारम्बार विभिन्न भाषा शैली, आशय र स्वरूपमा प्रकाशित गर्दा आमपाठकमा आफूले चाहे अनुसारको अदालतप्रति नकारात्मक प्रभाव सिर्जना गर्न सकिन्छ भन्ने मान्यताबाट कान्तिपुर दैनिकको सम्पादकीय कार्य सञ्चालन भएको देखिन आउँछ । उल्लिखित परिस्थितिको सिर्जनालाई स्वयम् समाचारगृहको अभीष्ट अभियान होइन कि भनी मान्नलाई २०७१।१।१२ देखि २०७१।३।४ सम्मको दुई महिना भन्दा कम अवधिमा अदालत र न्यायाधीश एवम् न्यायिक प्रक्रियाप्रति असहिष्णुता र चेतावनीपूर्ण दर्जनौं लेख, समाचार, टिप्पणीका अतिरिक्त विभिन्न मितिमा चार पटकसम्म लेखिएका सम्पादकीय टिप्पणीबाट समेत पुष्टि हुन्छ । उदाहरणका लागि सो दैनिक पत्रिकाको २०७१।३।४ को न्यायिक विचलन शीर्षकको सम्पादकीयमा यस अदालतलगायत विभिन्न पुनरावेदन र जिल्ला अदालतबाट विभिन्न मुद्दाका सन्दर्भमा भएका आदेश र फैसलालाई "कैफियत" भएको भनी जबर्जस्ती विवादित बनाउने कुत्सित प्रयास गरेको देखिन्छ । यसबाट अदालतका आदेश वा फैसला कानूनबमोजिम भएका छन् वा छैनन्

भन्ने मूल्याङ्कन प्रथमतः उक्त पत्रिकाबाट हुनुपर्ने र तदनुरूप आमपाठकले सो पत्रिकाले भने बमोजिम नै बुझ्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको देखिन्छ । न्यायाधीशले फैसला वा आदेश गर्दा न्याय र कानूनको मर्मअनुकूल गर्नु भन्दा पनि कान्तिपुरको कोपभाजनमा परिने हो कि भनी त्रसित हुनुपर्ने बिडम्वनापूर्ण अवस्थाको सिर्जना भएको छ । उक्त अवस्था अज्ञानतावश बन्न पुगेको हो कि भन्नलाई पनि एउटै विषयलाई एउटै आग्रहका साथ विज्ञापन जस्तो गरी पटकपटक प्रकाशन गरेबाट अज्ञानतावश वा भूलवश प्रकाश भएको रहेछ भनी मात्र प्रारम्भिक हेराइमा नै मिलेन । कान्तिपुर पत्रिकाको यो अभियान न्यायप्रणाली र न्यायकर्मीको सङ्गठित र संस्थागतरूपमा तेजोबध गरी आफनो अमूक अभीष्ट प्राप्त गर्ने भन्ने देखिँदा उक्त समग्र अभियान नै अवहेलनाजन्य देखिन आउने ।

न्यायालय, न्यायकर्मी र न्यायिक प्रक्रियाका सम्बन्धमा गरिएका सतही र आग्रहपूर्ण अभिव्यक्तिलाई केवल समाचारदाता वा सम्वाददाताका निजी दृष्टिकोणका रूपमा मात्र स्वीकार गर्न नसकिने अवस्था एउटै विषयवस्तुमा एउटै आग्रहका साथ अत्यन्त अशोभनीय ढङ्गले पटकपटक सम्पादकीय टिप्पणी उल्लेख गर्नुबाट समेत स्पष्ट हुन आउँछ । कान्तिपुर दैनिकका प्रकाशक, सञ्चालक एवम् सम्पादक स्वयम् संस्थागतरूपमा नै न्यायालय, न्यायकर्मी र न्यायिक प्रक्रियाप्रति जनमानसमा रहेको आस्था र विश्वासलाई धुमिल बनाउने अभीष्टका साथ अदालतविरूद्ध अभियान पत्रकारितामा लागेको होइन भनी मात्र मिल्ने अवस्था उल्लिखित आधार, कारण र अवस्थावाट प्रथम दृष्टिमा नै देखिन नआउने ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ को उपधारा (३) को खण्ड (क) ले विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रदान गरेको छ तर सो स्वतन्त्रता सीमारहित हुन नसक्ने भन्ने अङ्गीकार गरी उक्त विचार र अभिव्यक्ति स्वतन्त्रतालाई सोही उपधाराको प्रतिबन्धात्मक वाक्यांशले विभिन्न सीमा बन्देजहरू निर्धारण गरेको छ । प्रतिबन्धात्मक वाक्यांशको खण्ड (१) मा "कुनै कुराले नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन" भन्ने भएको देखिँदा संविधानका निर्माताले विचार र अभिव्यक्तिको स्वतन्त्रताको प्रबन्ध गर्दा निश्चित परिधि तोकेको देखिन्छ । यस्तै सीमा बन्देजयुक्त प्रबन्ध धारा १५ को प्रकाशन प्रसारण तथा छापाखानासम्बन्धी हकको उपधारा (१) मासमेत गरेको देखिन्छ । यसबाट के स्पष्ट हुन्छ भने विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रजातान्त्रिक शासन व्यवस्थाको अधारस्तम्भ हो तर यो स्वतन्त्रता निरपेक्ष छैन । बन्देजरहित स्वतन्त्रताले समाजलाई सभ्यतातर्फ नभई अराजकतातर्फ धकेल्छ । यसैकारण जतिसुकै उदार र प्रजातान्त्रिक समाजमा पनि यी स्वतन्त्रताहरूलाई निश्चित सीमाभित्र परिसीमित गरेको पाइन्छ । यस्ता सीमा बन्देजहरू व्यवस्थापिकाले कानूनको निर्माण गरेर बनाएको वा नबनाएकै स्थितिमा पनि व्यापक राष्ट्रिय प्रभाव

पार्न सक्ने आमसञ्चारका माध्यम वा त्यस्ता सञ्चार माध्यम व्यवस्थापन गर्ने निकाय वा संस्थाले पेशागत नैतिकताको न्यूनतम् मर्यादाका रूपमा समेत अवलम्वन गर्नुपर्ने हुन्छ। वस्तुतः विचार अभिव्यक्तिको स्वतन्त्रता एवम् छापाखाना तथा पत्रपत्रिकाको स्वतन्त्रता र स्वतन्त्र न्यायपालिका, प्रजातान्त्रिक शासन व्यवस्था, कानूनको शासन सभ्य समाजका लागि परस्पर हटक नभई एकापसमा परिपूरकका रूपमा रहेका हुन्छन् । न्यायपालिकाको स्वतन्त्रताको रक्षा गर्न सकिएमा मात्र प्रेस स्वतन्त्रताको रक्षा हुनसक्छ भन्ने यस अदालतवाट विगतमा विभिन्न पत्रपत्रिकाउपर राज्यबाट हुनगएका हस्तक्षेपमा यस अदालतले निर्वाह गरेको भूमिकाबाट स्पष्ट हुन्छ । यस कुराको अनुभूति स्वयम् कान्तिपुर दैनिक सञ्चार समूहले इतिहासको कालखण्डमा गर्न पाएको यस अदालतको रेकर्ड मिसिलबाट देखिन आउने ।

आमसञ्चारले सार्वजनिक चासोका सबै क्षेत्रको सूचना प्रवाह गर्ने र यसैका माध्यमबाट ती क्षेत्रको रखवारी गर्ने कार्य समेत गरिरहेको हुँदा त्यस्ता संस्था अत्यन्त जिम्मेवारी र उदाहरणीय हुनुपर्ने हुन्छ । यसका लागि अदालतसँग सम्बन्धित समाचार लेख वा पाठ्य सामग्री प्रकाशित गर्दा कहीं कतै असत्य, भ्रामक र दोषपूर्ण र तथ्यहीन समाचार छापिन जाने त होइन र यस्तो सामग्रीबाट अदालतप्रतिको जनआस्थामा प्रतिकूल असर पर्ने त होइन र आफनो प्रकाशनबाट अदालतको अवहेलना हुने त होइन भन्ने कुरामा आमसञ्चार जगत सदा सजग र सावधान रहनुपर्ने भन्ने न्यूनतम् मान्यता हो । तर यस मान्यताप्रति कान्तिपुर दैनिक उदासीन मात्र नभई अग्रसर रहेको देखिन्छ । महत्त्वपूर्ण पक्ष त यो रहेको छ कि यस्ता आग्रहयुक्त भ्रमपूर्ण र दुषित पाठ्यसामग्रीबाट न्यायाधीशको व्यक्तिगत मर्यादा र सम्मानमा मात्र आँच आउने नभई अन्ततोगत्वा व्यक्तिको स्वतन्त्र न्यायपालिकाबाट स्वच्छ न्याय प्राप्त गर्न पाउने अधिकारको उपभोगमा नै बाधा पुग्न गएको हुन्छ । आफ्नो अधिकारको प्रयोग गर्दा अरूको अधिकारको सम्मान र रक्षा गर्नु अधिकार विधिशास्त्रको आधारभूत मान्यता हो । सञ्चार प्रविधिको विकासले आमसञ्चारको प्रभाव अत्यन्त प्रभावकारी सिद्ध भैरहेको वर्तमान सन्दर्भमा अमूक विषयवस्तुमा अदालतप्रति अमूक आग्रह लिई आफ्नो धारणालाई सत्य स्थापित गर्ने अभियान (Mission) का रूपमा आफ्नो स्वामित्वको प्रकाशनको दुरूपयोग गर्नु कुनै पनि सामान्य समझको व्यक्ति (Man of General Prudence) को लागि पनि प्रथम दृष्टिमा (Primafacie) नै पेशागत मर्यादा प्रतिकूल र अदालतको अवहेलनाजन्य देखिन आँउछ । आफ्नो लेख, समाचार र सम्पादकीय टिप्पणीहरू कुनै न कुनैरूपमा अदालतविरूद्ध लक्षित गरी न्यायाधीशको मानमर्दन गर्ने र अदालतको सम्मानमा आँच पुर्‍याउने कार्य निरन्तर गरिरहेको भन्ने मिसिल संलग्न यस अदालतको आदेशानुसार पेश हुन आएको कान्तिपुर दैनिकको विभिन्न अङ्कमा प्रकाशित अदालतसम्बन्धी लेख, रचना, समाचार सम्पादकीय टिप्पणीको सरसर्ती अध्ययनबाट जोसुकै व्यक्तिले प्रथम दृष्टिमा नै पनि निक्यौंल गर्नसक्ने अवस्था छ । यस्तै निवेदन दर्ता भैसकेपछि २०७१।५।८ सम्म पनि त्यस्ता सामग्रीहरूको प्रकाशनलाई निरन्तरता दिई अदालतको अवहेलनाजन्य कसूर गरेको प्रष्ट हुन आउने ।

उल्लिखित आधार तथा यस अदालतबाट

प्रतिपादित सिद्धान्तसमेतका आधारमा कान्तिपुर प्रकाशन प्रा.लि. बाट प्रकाशित कान्तिपुर दैनिक पत्रिकामा धारावाहिकरूपमा विभिन्न अङ्कमा प्रकाशित लेख, रचना, समाचार, सम्पादकीयसमेतका विभिन्न सामग्रीको पठनबाट सम्पूर्ण न्यायपालिकाको प्रतिष्ठा र सम्मानमा आघात पुर्‍याई अदालतको निष्पक्षता, सक्षमता तथा विश्वसनीयतामा नै जनमानसमा भ्रम उत्पन्न गराउन खोजेको देखिनाले उक्त पत्रिकाका सम्पादक सुधिर शर्मा एवम् सञ्चालक कैलाश सिरोहीया, ऐजनका निर्देशक स्वस्तिका सिरोहिया र समाचारदाता घनश्याम खड्कालाई सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७ बमोजिम अदालतको अवहेलनामा किन कारवाही र सजाय नगर्ने हो आफूउपर कारवाही र सजाय गर्न नपर्ने भए समाह्वान पाएको मितिले ७ दिनभित्र तारेख थाम्न नपाइने गरी यस अदालतमा बयान गर्न स्वयम् उपस्थित हुन आउनु भनी निजहरूको नाउँमा प्रस्तुत निवेदन र यस आदेशको प्रतिलिपिसाथ समाह्वान जारी गरी तामेल गर्नु । अन्य विपक्षीहरूका नाउँमा ७ दिन भित्र लिखित जवाफसहित यस अदालतमा उपस्थित हुनु भनी प्रस्तुत निवेदन र यो आदेशको प्रतिलिपि साथै राखी समाह्वान जारी गरी तामेल गर्नू । निवेदिका रत्नकुमारी श्रेष्ठले आफ्नो बहसको क्रममा प्रस्तुत निवेदन दायर गरेकै कारण आफू असुरक्षित भएको अभिव्यक्ति प्रकट गरेको हुँदा कुनै पनि व्यक्तिले यस अदालतमा निवेदन गरेकै कारण असुरक्षित महसूस गर्ने वातावरण सिर्जना हुनु पनि कानूनकै प्रतिकूल हुने हुँदा यस्तो प्रकृतिका विषयमा सुरक्षा प्रत्याभूति हुनुपर्नेतर्फ विचार पुर्‍याउन सुरक्षा निकायलाई जानकारी गराउनू ।

इति संवत् २०७१ साल भदौ १० गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** रिट नं. ०७०-wo-०९३९, परमादेश/उत्प्रेषण, *हिरालाल कुँवर वि. तुलसीदेवी कुँवरसमेत*

विवादित जग्गा कानूनविपरीत पाउने अंशभागभन्दा घटीबढी गरी प्रतिवादीहरूलाई बाटो मोहडातर्फको मूल्यवान जग्गाको अंशभाग छुट्ट्याएको हो भन्ने निवेदन जिकीर भए पनि बागलुङ जिल्ला अदालतको मिति २०७०।९।२६ को आदेशमा वादीप्रतिवादीलाई सम्पूर्ण कित्ता जग्गाबाट बन्डा भएको भनी र पुनरावेदन अदालत, बागलुङको मिति २०७०।१२।२७ को आदेशमा पनि बन्डा मुचुल्का हेर्दा वादी प्रतिवादीहरूलाई सम्पूर्ण कित्ता जग्गाबाट नरमगरम मिलाई बन्डा छुट्ट्याउने कार्यसमेत सम्पन्न भैसकेको भनी उल्लेख भएको देखिन्छ । यसरी निवेदकलाई तथ्यगतरूपमा मर्का परेको कुरा पनि स्थापित हुन नसकेको यसप्रकार तहतह निरूपण र परीक्षण भैसकेको तथ्यगतसमेतका कुरामा रिटक्षेत्र आकर्षित हुन नसक्ने भनी यस अदालतबाट कैयौं फैसलाहरू भै नजीरको रूपमा स्थापित भैसकेकोले निवेदकको मागबमोजिम विपक्षीहरूबाट लिखितजवाफ माग गर्ने आदेश गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल असार २४ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** रिट नं. ०७०-wo-०९४१, उत्प्रेषण/परमादेश, *दिलबहादुर गोसाई वि. भूमिसुधार कार्यालय, भक्तपुरसमेत*

भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५५ ले पुनरावेदन लाग्ने व्यवस्था गरेकोमा विवाद छैन । ती उपचारहरू रिट उपचारभन्दा बढी भरपर्दा र प्रभावकारी रहेको देखिन्छ । तल्लो तहको अन्तर्कालीन अनियमितता वा सारवान् वा प्राविधिकलगायतका यावत काम कुराको लागि अ.बं. १७ नं. र अन्तिम आदेश वा फैसलाको लागि पुनरावेदनको उपचार रहेको अवस्थामा रिटमा आउन मिल्ने देखिँदैन । सौभाग्यले निवेदकले पुनरावेदन अदालतमा जान पाउने म्याद अद्यापि प्रशस्त रहेको अवस्था पनि विद्यमान रहेकै हुँदासमेत यसमा विपक्षीहरूसँग लिखितजवाफ मागिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

इति संवत् २०७१ साल असार २४ गते रोज ३ शुभम् ।

## रीत/बेरीत आदेश

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** २०७० सालको प्रतिवेदन नं. ०७०-RE-०१०१, ठगी, *नेपाल सरकार वि. सुधीर बस्नेतसमेत*

प्रतिवादीहरू माथि ठगीको ४ नं. को दावीसमेत भएको, जाहेरवालासँग रकम लिएको र निजहरूसँग रकम लिएवापतको कार्य नगरेको कुरामा प्रतिवादीमध्येको सुधीर बस्नेत साबित रहेको देखिएको हुनाले अ.बं. ११८ को देहाय (२) को अवस्था विद्यमान रहेकोले निजको हकमा काठमाडौं जिल्ला अदालतबाट भएको मिति २०६९।१०।२१ को र पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०७०।४।२४ को आदेश मिलेको नदेखिँदा बदर गरी दिइएको छ । पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा निज प्रतिवादी सुधीर बस्नेतलाई अ.बं.११८(२) अनुसार पुर्पक्षको निमित्त थुनामा राखी मुद्दाको कारवाही गर्नू ।

इति संवत् २०७१ साल भदौ ६ गते रोज ६ शुभम् ।

- यसै प्रकृतिको २०७० सालको प्रतिवेदन नं. ०७०-RE-०१००, ठगी, *नेपाल सरकार वि. सुधीर बस्नेतसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-RE-०१६३, ००३२, ००३८, ज्यान मार्ने उद्योग, *मित्रलाल धिताल वि. नेपाल सरकार, नेपाल सरकार वि. प्रेमलाल धिताल, नन्दराज धिताल वि. नेपाल सरकार, प्रेमलाल धिताल वि. नेपाल सरकार*

पीडित कर्मराज धितालले प्रतिवादीहरू मित्रलाल धिताल, नन्दराज धिताल, पूर्णचन्द्र आचार्य, मायालाल धिताल, देवीलाल धिताल, प्रेमलाल धिताल, भीमप्रसाद आचार्य, मायाराम धितालसमेतका उपर किटानीरूपमा पोल गरी कागज गरेका, पीडितको टाउकोसमेतमा धारिलो हतियारको चोट लागेको अवस्था, वारदातका प्रत्यक्षदर्शी साक्षीहरूको भनाई जस्ता तत्काल प्राप्त प्रमाणहरू अन्यथा प्रमाणित भइनसकेको हुँदा प्रतिवादीहरू प्रेमलाल धिताल, मायाराम धिताल र भीमप्रसाद आचार्यलाई पुनरावेदन अदालत, जुम्लाबाट जनही रू. १,००,०००।- धरौट मागी तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्न दिने गरी भएको आदेश त्रुटिपूर्ण हुँदा उक्त मिति २०७०।८।१४

को आदेश बदर गरिदिएको छ । निजहरू तीनैजना प्रतिवादीहरूको हकमा अदालतबाट मिति २०७०।७।२५ मा थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी भएको आदेश रीतपूर्वककै हुँदा सोहीबमोजिम गर्नु । अन्य प्रतिवादीहरूको हकमा पनि सोही तत्काल प्राप्त प्रमाणहरूको आधारबाट समेत त्यस अदालतबाट थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी भएको आदेश रीतपूर्वककै हुँदा परिवर्तन गरिरन परेन, कानूनबमोजिम गर्नू ।

इति संवत् २०७१ साल भदौ ४ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-RE-०१७७, डाँका चोरी, *नेपाल सरकार वि. लक्ष्मण तामाङसमेत*

प्रतिवादीहरू आरोपित कसूरमा काठमाडौं जिल्ला अदालतमा इन्कारी नै बयान गरेपनि वारदातस्थलमा उपस्थित रहेको तथ्यलाई स्वीकारेकै पाइएको, अधिकारप्राप्त अधिकारीसमक्ष कसूरमा साबित रहेको, जाहेरवालीले यी प्रतिवादीद्वय समेतको कसूरमा संलग्नता रहेको भनी किटानी जाहेरी दिएको साथै प्रतिवादीहरूले आरोपित कसूर गरेको भनी सनाखतसमेत गरिदिएको देखिएकोले तत्काल प्राप्त प्रमाणहरूबाट प्रतिवादीहरूले आरोपित कसूर गरेको कुराको पुष्ट्याइँ भैरहेकोले निजहरूबाट जनही रू.५०,०००।- नगद वा सो रकम खाम्ने जेथा जमानी दिनसके लिई तारिखमा राख्नु र दिन नसकेमा थुनामा राखी मुद्दा पुर्पक्ष गर्नु भनी त्यस जिल्ला अदालतबाट मिति २०७०।१।१६ मा भएको आदेश सदर गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।८।२८ को आदेश बेरीतको देखिँदा बदर गरिदिएको छ । बुझ्दै जाँदा प्राप्त प्रमाणबाट ठहरेबमोजिम हुने गरी हाल प्रतिवादीद्वय लक्ष्मण तामाङ र मानबहादुर तामाङलाई मुलुकी ऐन, अ.बं. ११८ को देहाय २ बमोजिम थुनामा राखी पुर्पक्ष गर्नुपर्ने अवस्था हुँदा अ.बं. १२१ नं. बमोजिम थुनुवा पूर्जी दिई थुनामा राखी पुर्पक्ष गर्नू ।

इति संवत् २०७१ साल साउन ९ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री दीपकराज जोशी,** ०७०-RE-०२०८, अंश, *श्यामकली मौर्य (मुराउनी) वि. श्यामलाल मुराउ*

वादी श्यामकली मौर्य (मुराउनी) ले २०६२ सालमा नै फैसलाको नक्कल प्राप्त गरिसकेको भनी उल्लेख गरिएको भएता पनि प्राप्त सक्कल मिसिलहरूमा उल्लिखित कुरा देखिन नआएको र यस अदालतबाट भएको पत्राचारअनुसार पुनरावेदन अदालत, नेपालगन्जबाट लेखिएको मिति २०७०।९।१४ को पत्रमा वादीले प्रतिलिपि लगेको निवेदन सडाइसकिएको भनी उल्लेख गरिएको भए तापनि कुन मितिमा सडाइएको भन्ने खुल्न नआएको अवस्थामा प्रतिवादीले निवेदनसाथ पेश गरेको नक्कल पाउँ भन्ने निवेदनपत्रको नक्कलको आधारमा निवेदिकाले २०६२।५।१२ मा नै नक्कल लिइसकेको मानी निवेदन दरपीठ गर्न मिल्ने नदेखिँदा यस अदालतका सह-रजिस्ट्रारबाट भएको मिति २०७०।१०।९ को आदेश बदर गरिदिएको छ । नियमानुसार निवेदकको निवेदन दर्ता गरी कानूनबमोजिम पेश गर्नू।

इति संवत् २०७१ साल साउन १६ गते रोज ६ शुभम् ।

- यसै लगाउको ०७०-RE-०२०७, जालसाजी, *श्यामकली मौर्य (मुराउनी) वि. श्यामलाल मुराउ* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

५

**मा.न्या.श्री दीपकराज जोशी,** ०७१-RE-०००४, उत्प्रेषण, *रामकृष्ण चक्रधर वि. भक्तपुर जिल्ला अदालत, भक्तपुरसमेत*

प्रस्तुत रिट निवेदनमा भएको दरपीठ आदेश, दरपीठ आदेशउपर बदरका लागि लिइएका जिकीर र पेश भएको कैफियत प्रतिवेदनसमेत अध्ययन गरी हेर्दा यस अदालतका निमित्त रजिस्ट्रारबाट मिति २०७१।२।१८ मा निवेदन दरपीठ गर्ने क्रममा लिइएको आधारहरूका सम्बन्धमा न्यायिक आदेश हुँदाका बखत इजलासबाट विवेचना गरिने अवस्था विद्यमान हुँदा निवेदन दर्ता नहुने गरी निमित्त रजिस्ट्रारबाट मिति २०७१।२।१८ मा भएको आदेश बदर गरिदिएको छ । निवेदकको रिट निवेदन दर्ता गरी कानूनबमोजिम गर्नू ।

इति संवत् २०७१ साल साउन १६ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री दीपकराज जोशी,** ०७०-RE-०२८७, उत्प्रेषण/परमादेश, *प्राण जीवन निधि वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

निवेदकले आफ्नो रिट निवेदन दर्ता गर्न अदालत प्रवेश गर्दा कुनै व्यक्तिलाई विपक्षी नबनाई प्रवेश गरेको देखिएको तथा निजले विभिन्न मितिमा विभिन्न निकायमा दर्ता गराएको आफ्नो निवेदनको सम्बन्धमा कुनै जवाफ नपाएको सम्बन्धमा प्रस्तुत निवेदन दर्ता नगर्नुपर्ने औचित्यपूर्ण आधार र कारण नदेखिएकाले यस अदालतका रजिस्ट्रारबाट भएको मिति २०७१।२।२३ को आदेश बदर गरिदिएको छ । नियमानुसार निवेदकको रिट निवेदन दर्ता गरी कानूनबमोजिम गर्नू ।

इति संवत् २०७१ साल साउन १६ गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री दीपकराज जोशी,** ०७०-RE-००१६, उत्प्रेषण/परमादेश, *सूर्यबहादुर खड्का वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

प्रस्तुत रिट निवेदनमा भएको दरपीठ आदेश, दरपीठ आदेशउपर बदरका लागि लिइएका जिकीर र पेश भएको कैफियत प्रतिवेदनसमेत अध्ययन गरी हेर्दा यस अदालतका रजिस्ट्रारबाट मिति २०७१।३।९ मा निवेदकले उठाइएका प्रश्नहरू यसअघि नै निवेदक कान्छाराम कन्स्ट्रक्सन कम्पनी प्रा.लि. समेतका दुईवटा निवेदनमा उठाई यस अदालतमा विचाराधीन रहेको र उल्लिखित निवेदन विचाराधीन रहेकै अवस्थामा निवेदकले पुनः रिट निवेदन दायर गर्न ल्याएको देखिएको र निवेदकले उठाएको प्रश्नको निरूपण उल्लिखित रिट निवेदनबाट हुने नै हुँदा एउटै विषयमा पटकपटक रिट निवेदन दर्ता गर्न नमिल्ने भनी निवेदन दरपीठ गरेको देखिन्छ । रजिस्ट्रारबाट दरपीठ गर्दा लिइएको आधारका विषयमा इजलासबाट आदेश गर्दाका बखत विवेचना गरिने नै हुँदा रजिष्टारको मिति २०७१।३।९ को दरपीठ आदेश बदर गरिदिएको छ । निवेदकको रिट निवेदन दर्ता गरी कानूनबमोजिम गर्नू ।

इति संवत् २०७१ साल साउन १६ गते रोज ६ शुभम् ।